# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन

## आ.व. २०८२/०८३




**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**

**बबरमहल, काठमाडौं**

**२०८२/०८३**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन
# आ.व. २०८२/०८३

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बबरमहल, काठमाडौं
२०८२/०८३

# पापको कुण्डबाट मुक्तिको कठीन यात्रा

-अध्यक्षको कलम

मानव मात्र होइन, जीवजन्तु र चराचरजगत समेतका लागि गरिने कल्याणकारी कामलाई धर्म र अकल्याणकारी कामलाई पापका रुपमा लिने गरिन्छ। प्राकृतिक व्यवस्थापन वा इश्वरीय खटन तथा सामाजिक सुसंस्कार बिरुद्धका सबै कामहरु पापयुक्त मानिन्छन ।समाजमा कुकर्मीहरु पनि रमाइरहेका हुन्छन। पापको सजाय धार्मिक मनले अनुभूति र धार्मिकजनले देख्न पाइरहेको हुँदैन। यसलाई पुर्वजन्मको कमाईका रुपमा लिनेहरु धेरै छन। तथापि पापको तत्कालीन र अनुभवयोग्य सजाय भनेको समाजको दुत्कार्यता र राज्यको कानूनको दण्ड नै हो। यद्यपि पापको अन्तिम सजाय भनेर मृत्युलाई लिइन्छ। मृत्यु, जो अस्वभाविक प्राताडित, घृणात्मक तथा दुःखान्त हुन जान्छ, त्यही मृत्यु पापको अन्तिम सजाय हो भनिन्छ।

आधुनिक समाजमा कुकर्महरु धेरैतिर र धेरै प्रकारले भइरहेका छन। यसमध्ये एक हो - सहकारी क्षेत्रमा भएको अनियमितता, अपचलन र अमानवीय सरहका केही ब्यवहारहरु ! परिणामः सहकार्यताको माध्यमबाट समाजका हरेक समस्याहरु समाधान गरी मानवरुपी जीवन यात्रामा यश कमाउने र रमाउने पवित्र मार्ग सहकारी अभियान आलोचित भइरहेको छ ।सहकारी क्षेत्र विश्वासको सङ्कटतिर धकेलिइरहेको छ । यसैको एक उपजको रुपमा सिर्जना भएको बाध्यकारी कार्य हो- समस्याग्रस्त सहकारी घोषित हुने कार्य ।अर्थात हकारी क्षेत्रमा अरु अरुहले गरेका पापहरुबाट बनेको पापको कुण्ड हो-समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यक्षेत्र ।

नेपालमा केही सहकारी संस्थाहरूमा भएका ठगी, अपचलन, बचतकर्ताको रकम दुरुपयोग, कमजोर नियमन र राजनीतिक संरक्षणका घटनाले जनविश्वासमा गम्भीर चोट पुऱ्याएको छ। यस्तो अवस्था देखेर निराशा जाग्नु स्वाभाविक पनि हो। तर यहा बुझ्नु जरुरी छ कि केही सहकारीमा मात्र सङ्गठित रुपमा सहकारी ठगीजन्य एवं सम्पत्ति शुद्धिकरण जस्ता अपराध प्रकृतिका गम्भीर कुकर्महरु भएका छन्। यस प्रकारका सहकारीहरुको सङ्ख्या न्यून छ तर आपराधिक प्रकृति र बेइमानीको नियतको गहिराई चिन्ताजनक छ। समयमै उचित ब्यवस्थापन र दण्डात्मक कार्य हुन सकेन भने सरुवा रोग सरह बढ्ने त्रासादि यसको अर्को गम्भिर पक्ष हो । आफ्ना सदस्यलाई बचत, ऋण, कृषि उत्पादन र रोजगारीका क्षेत्रमा इमानदारीपूर्वक विविध सेवा दिइरहेका धेरै सहकारी सञ्चालकहरु भने स्तुत्यका पात्रका रुपमा रहेका छन्।

समस्या सहकारीको अवधारणासँग मात्र होइन। मुख्यतः खराब व्यवस्थापन, कमजोर सुशासन, कानुनको प्रभावकारी कार्यान्वयनको अभाव र नियामक कमजोरीसँग सम्बन्धित देखिन्छ, त्यसैले भन्न सकिन्छ कि "केही समस्याग्रस्त सहकारीहरूमा भएका कुकर्महरू हेर्दा तिनीहरू पापको कुण्ड जस्तै देखिन्छन्।" पापको यस कुण्डबाट मुक्तिको यात्रा सहज छैन । अर्थात समस्याग्रस्त सहकारीलाई सफल रूपमा पुनर्जीवित (Turnaround) गर्न सजिलो हुँदैन। त्यसका लागि कानूनी, वित्तीय, व्यवस्थापकीय र नैतिक सुधार एकसाथ आवश्यक हुन्छ । केही उपायका रुपमाः (१) वास्तविक अवस्थाको पहिचान-सम्पत्ति, दायित्व र नगद प्रवाहको स्वतन्त्र लेखापरीक्षण/वास्तविक घाटा र बचतकर्ताप्रतिको दायित्व स्पष्ट गर्ने कार्य। (२) सुशासन सुधार -अयोग्य वा अनियमिततामा संलग्न सञ्चालक तथा व्यवस्थापकलाई हटाउने र योग्य, अनुभवी र इमानदार नेतृत्व नियुक्त गर्ने कार्य। (३) अनियमितता र भ्रष्टाचारमाथि कारबाही -अपचलन भएको रकम फिर्ता ल्याउने प्रयास र दोषीलाई कानुनबमोजिम कारबाही गर्ने कार्य।(४) पुनर्संरचना (Restructuring) -ऋणको पुनर्तालिकीकरण र समस्याग्रस्त अवस्थाबाट मुक्त गराई पुनः सञ्चालन योग्य घोषित गरी सञ्चालनमा ल्याउने सम्मको कार्य । अनावश्यक खर्च कटौती तथा निष्क्रिय सम्पत्तिको उचित व्यवस्थापन। (५) बचतकर्ताको विश्वास पुनःस्थापना -वित्तीय अवस्था नियमित रूपमा सार्वजनिक गर्ने र एकै पटक फिर्ता गर्न नसके बचतकर्तालाई सानो सानो किस्तामा भए पनि बचत फिर्ता गर्ने योजना लागू गर्ने कार्य । (६) नियामकीय सहयोग-सम्बन्धित नियामक निकायबाट प्राविधिक सहयोग र निगरानी एवं आवश्यक भएमा अर्को सक्षम सहकारीसँग गाभ्ने (Merger) वा व्यवस्थापन हस्तान्तरण गर्ने कार्य । (७) सदस्यको सक्रिय सहभागिता-सदस्यलाई वास्तविक अवस्था जानकारी गराउने रमहत्त्वपूर्ण निर्णयमा सदस्यको सहभागिता सुनिश्चित गर्ने कार्य र (८) शीघ्र र प्रभावकारी न्यायका बाधाहरु हटाउन र सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक नीतिगत तथा कार्यगत व्यवस्थापन आदि कार्यहरु गर्नु गराउनु जरुरी छ ।

समस्याग्रस्त घोषित सबै सहकारीको पुनः संरचना सम्भव छैन भन्ने तथ्य मननीय हुन जान्छ। विशेषतः जहाँ जहाँ, सम्पत्ति भन्दा दायित्व धेरै बढी छ, अधिकांश रकम अपचलन भइसकेको छ, रकम फिर्ता आउने सम्भावना न्यून छ, त्यस्तोमा संस्थाको पुनर्जीवनभन्दा व्यवस्थित परिसमापन (liquidation) नै बचतकर्ताको हितमा हुन सक्छ।कार्यक्षेत्रको जटिलता सहितका विविध व्यवधानहरु र सहकारी क्षेत्रमा भएका ठगीहरुको प्रकृति र प्रबृतिहरुलाई मनन गर्दा समस्याग्रस्त सहकारी व्यवस्थापन क्षेत्रको जिम्मेवारी "पापको कुण्डबाट मुक्तिको कठीन यात्रा" हो भन्ने बुझाई र भोगाईको बिषय बनेको हो ।समस्यामा परेका सहकारिहरुलाई क्रमशः समस्याग्रस्त घोषित गर्दै जानु भन्दा समस्याउन्मुख

अवस्थामा नै व्यवस्थापकीय निर्देशन समन्वयसंगै हस्तक्षेपकारी भुमिका निर्वाह गरी समयमै उपचार गर्नु गराउनु मनासिब हुन्छ भन्ने पनि हाम्रो बुझाई रहेको छ ।

अन्ततः समस्याग्रस्त सहकारीको सफल पुनरुत्थानको आधार सुशासन, पारदर्शिता, कानुनी कारबाही र सदस्यको विश्वास नै हो। यी बिना वित्तीय सहायता वा भावनात्ममक भरोशा मात्र दिएर दीर्घकालीन समाधान सम्भव हुँदैन।यस तथ्य र सत्यमा समस्याग्रस्त सहकारी व्यवस्थापनकर्मीहरु मन, बचन र कर्मले लागि रहेका छौं र लागिरहने छौं ।साबिकका सम्बद्ध सहकारीका सञ्चालकहरुको असक्षमता र वित्तिय उच्छृङ्खलता, ऋणीहरुको चरम बेइमानी र सम्बद्ध कर्मचारीहरुको अनुशासनहिनताको चरमपनको कारणले छियाछिया बनेको सहकारी क्षेत्रको समग्र उपचार गर्नु छ ।समस्याग्रस्त अवस्थाबाट पार लगाउनु छ । बचतकर्ताहरुमा बचत फिर्ता गर्दै सहकारीमा रानेको बचत फिर्ता हुन्छ भन्ने विश्वास जगाउनुछ।तीन खम्बे अर्थनीतिको एक खम्बा सहकारी ढल्ने हो कि भन्ने गम्भिर आशङ्कालाई न्यूनिकरण गर्दै जानु छ।सहकारी शुद्धिकरण र सुदृढिकरण सहित बचतकर्ताहरुको बचतको सुरक्षणको सम्बन्धमा सरकारको घोषित प्रतिबद्धतालाई साकार पार्नु छ ।यही यात्रामा सामुहिक रुपमा प्रतिबद्ताकासाथ लागि परेका समस्याग्रस्त सहकारी व्यवस्थापनकर्मिहरु लागि परेका छौं।

प्रस्तुत वार्षिक प्रतिबेदन, बिगत एक वर्षको कार्यसम्पादनको रुपरेखा हो र भावि कार्यदिशा र प्रतिबद्धता पनि हो। परम्परागत ढङ्गले यसको सफल ब्यवस्थापन हुन निकै कठीन छ भन्ने आत्मवोधका साथ केही नवीनपन दिँदै व्यवस्थापन गर्ने यात्रामा छौं । त्यसको एक झलक यही बार्षिक प्रतिबेदन र संलग्न योजनामा रहेको छ। सतत प्रयासको यस यात्रामा सम्बन्धित सबैको सद्भाव र सहयोगको हार्दिक याचना छ । पापको कुण्डबाट मुक्तिको यात्रा सरह रहेको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यमा चिन्तन, मनन र कर्मरत रहने सबैमा हार्दिक आभार सहित धन्यवाद।

२०८३।०४।१५

डिल्लीराज आचार्य
अध्यक्ष

# भूमिका

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका संस्था वा सङ्घको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्न ऐनको दफा १०५ बमोजिम नेपाल सरकारद्वारा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरिएको हो। समिति गठनदेखि हालसम्म जम्मा २३ वटा सहकारी संस्थाहरू यस समितिको स्वामित्वमा आएका छन्, जसमध्ये तीन वटा संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गरी रफसाफ प्रतिवेदन मन्त्रालयमा पेस गरिसकिएको छ भने बाँकी बीस वटा संस्थाहरूको कार्य निरन्तर अगाडि बढिरहेको छ।

समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्ने, बचतकर्ताहरूको जोखिममा परेको रकम फिर्ता गर्न चरणबद्ध रणनीति अपनाउने, ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट बचतकर्ताहरूको रकम फिर्ता चरणबद्ध रूपमा गर्ने, डिजिटल बैंकिङ प्रणालीमार्फत सोझै बचतकर्ताको बैंक खातामा रकम पठाउने व्यवस्था मिलाउने तथा सहकारी संस्थाहरूको सुशासन र अनुशासन कायम गर्न सहयोग पुऱ्याउने समितिको कार्यालयका मुख्य उद्देश्यहरू हुन्। सो उद्देश्यहरूको प्राप्तिका लागि समितिले सहकारी ऐन, २०७४ को दफा १०६ बमोजिम ऋण असुली तथा व्यवस्थापन, बचत फिर्ता तथा व्यवस्थापन, सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी र सङ्गठनात्मक तथा प्रशासनिक सुधार सम्बन्धी काम, कर्तव्य र अधिकारको प्रयोग गर्दै आएको छ।

यो वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८२/८३ को अवधिमा समितिले सम्पादन गरेका कार्यहरूमा आधारित छ। प्रतिवेदनमा कार्यकारी सारांश, परिचय, सङ्गठनात्मक संरचना, समस्याग्रस्त सहकारी संस्थाहरूको विवरण, कार्यसम्पादन प्रगति विवरण (ऋण असुली तथा व्यवस्थापन, बचत फिर्ता तथा व्यवस्थापन, सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी र सङ्गठनात्मक तथा प्रशासनिक सुधार), नवीनतम कार्यहरू, चुनौती तथा समस्या, भावी कार्ययोजना, निष्कर्ष र अनुसूचीहरू समावेश गरिएको छ। प्रतिवेदनमा समावेश गरिएका तथ्याङ्क र विवरणहरू कार्यालयको अभिलेख, सूचना प्रविधि प्रणालीबाट प्राप्त विवरणमा आधारित छन्।

अन्तमा, प्रस्तुत वार्षिक प्रतिवेदनले समितिको आगामी कार्यदिशा निर्धारण गर्न, नीतिगत तथा कानूनी सुधारका लागि आधार तयार गर्न र बचतकर्ता, सरोकारवाला निकाय तथा आम नागरिकलाई समितिको कार्यसम्पादनबारे यथार्थपरक जानकारी प्रदान गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

भदौ ५, २०८३ समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

# विषयसूची


१. परिचय ....... १

१.१ पृष्ठभूमि ....... १

१.२ उद्देश्य ....... २

१.३ कार्यक्षेत्र ....... २

१.४ कानूनी आधार ....... ४

१.५ आ.व. २०८२/०८३ को वित्तीय अवस्था ....... ५

२. संगठन संरचना ....... ६

२.१ समितिको गठन ....... ६

२.२ कर्मचारी दरबन्दी तथा जनशक्ति ....... ७

३. सम्याग्रस्त घोषित सहकारीहरूको विवरण ....... ९

३.१ समस्याग्रस्त घोषित सहकारीहरू ....... ९

३.२ बचतकर्ता तथा मागदावी विवरण ....... १०

४. आ.व. २०८२/०८३ को कार्यसम्पादन प्रगति विवरण ....... १०

४.१ ऋण असूली तथा व्यवस्थापन ....... १०

४.२ बचत फिर्ता व्यवस्थापन ....... १२

४.३ सम्पत्ति व्यवस्थापन तथा लिलाम प्रक्रिया ....... १४

४.४ नवीनतम पहल तथा संस्थागत सुधार ....... १५

४.५ कानूनी तथा संस्थागत सुधारका प्रमुख कार्यहरू ....... १६

४.५.१ नयाँ कार्यविधिको तर्जुमा तथा कार्यान्वयन ....... १७

४.५.२ कानूनी ढाँचा तथा निवेदनका नमूना विकास ....... १८

४.५.३ कानूनी प्रतिरक्षा तथा फैसला कार्यान्वयन ....... १९

४.६ सूचना प्रविधिमा आधारित सेवा प्रवाह तथा डिजिटल रूपान्तरण ....... १९

४.६.१ अनलाइन मागदाबी प्रणाली (Online Claim System) ....... २०

४.६.२ ऋण गणना व्यवस्थापन प्रणाली (LCMS) ........................................................ २०

४.६.३ डिजिटल माध्यमबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापन ................................... २१

४.६.४ सेवाग्राही सूचना तथा गुनासो व्यवस्थापन ................................................ २१

४.६.५ मागदाबी प्रमाणीकरण तथा आवेदन ट्र्याकिङ प्रणाली ........................................ २१

४.६.६ एकीकृत सूचना प्रणाली तथा डिजिटल प्रशासन ............................................ २२

५. समस्याग्रस्त सहकारी व्यवस्थापनका प्रमुख समस्या र चुनौतीहरू .................................. २३

५.१ प्रमुख समस्याहरू ........................................................................ २३

५.२ प्रमुख चुनौतीहरू ........................................................................ २५

६. जोखिम विश्लेषण ........................................................................... २६

६.१ वित्तीय तथा दायित्व व्यवस्थापनसम्बन्धी जोखिम ............................................ २७

६.२ अभिलेख तथा सूचना व्यवस्थापनसम्बन्धी जोखिम ............................................ २७

६.३ कानूनी तथा सम्पत्ति व्यवस्थापनसम्बन्धी जोखिम ............................................ २८

६.४ संस्थागत तथा सञ्चालन जोखिम ............................................................ २८

६.५ सुशासन सम्बन्धी जोखिम .................................................................. २८

६.६ नीतिगत तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी जोखिम .......................................... २९

६.७ जोखिम न्यूनीकरणका प्रमुख उपाय .......................................................... २९

७. आगामी कार्ययोजना ......................................................................... २९

आगामी कार्ययोजनाका प्रमुख प्राथमिकताहरू ..................................................... ३०

८. समस्याग्रस्त सहकारीहरुमा देखिएका समस्या तथा सम्भाव्य समाधानका उपायहरु ...................... ३२

अनुसूचिहरू ................................................................................... ४९

१. ऋण असुली तथा मिलान मासिक विवरण .......................................................... ४९

२. ऋण असुली तथा मिलानको सहकारी अनुसार विवरण .............................................. ५०

३. बचतफिर्ताको मासिक विवरण ................................................................. ५३

४. सहकारी अनुसारको बचत फिर्ताको वार्षिक विवरण .............................................. ५४

५. समस्याग्रस्त सहकारीको बाँकी दायित्व भुक्तानी ............................................................ ५६
६. समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट विभिन्न सहकारीको नाममा कृषि विकास बैंक लि. पुतलीसडक शाखामा खोलेका खातामा २०८३ असार मसान्तमा रहेको बैंक मौज्दात विवरण.... ५७
७. बचतफिर्ता कार्ययोजना ............................................................ ५८
८. बचत फिर्ता लिएको सनाखत कागज ............................................................ ६०
९. ऋण बचत मिलान सनाखत कागज ............................................................ ६१
१०. एक करोड रूपैंया वा सो भन्दा बढी बचत रकम रहेको बचतकर्ताले गर्ने स्वघोषणा........................ ६२
११. समसस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारीहरूको संक्षिप्त परिचय ............................... ६३
१२. आ.व. २०८२/८३ मा कार्यरत पूर्व पदाधिकारीहरूको विवरण ............................................................ ६५
१३. समसस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा कार्यरत कर्मचारीहरूको शाखागत विवरण ............................................................ ६६

# कार्यकारी सारांश

आर्थिक वर्ष २०८२/०८३ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि संस्थागत सुदृढीकरण, कानूनी सुधार, सूचना प्रविधिको विस्तार,सम्पत्ति व्यवस्थापन तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानीलाई थप प्रभावकारी बनाउने दृष्टिले महत्त्वपूर्ण वर्षका रूपमा रहेको छ। प्रतिवेदन अवधिमा समितिले सहकारी ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाहरूको सम्पत्ति संरक्षण, ऋण असुली, बचतकर्ताको मागदाबी प्रमाणीकरण, सम्पत्ति मुद्रिकरण तथा बचत फिर्ता प्रक्रियालाई व्यवस्थित र परिणाममुखी बनाउन उल्लेखनीय प्रयास गरेको छ।

प्रतिवेदन अवधिमा समितिले कानूनी तथा नीतिगत सुधारलाई प्राथमिकतामा राख्दै बचत फिर्ता, ऋण असुली, सम्पत्ति व्यवस्थापन तथा पुनःसंरचनासम्बन्धी कार्यविधिहरू निर्माण तथा कार्यान्वयनमा ल्याएको छ। सूचना प्रविधिमा आधारित अनलाइन मागदाबी प्रणाली, ऋण गणना व्यवस्थापन प्रणाली (LCMS), डिजिटल अभिलेख व्यवस्थापन तथा वेबसाइटमार्फत सेवा प्रवाह विस्तार गरी सेवाग्राहीमैत्री प्रशासनको विकास गरिएको छ।

ऋण असुली, सम्पत्ति व्यवस्थापन तथा लिलाम बिक्री प्रक्रियालाई व्यवस्थित गर्दै बचतकर्ताको दायित्व भुक्तानी कार्यलाई चरणबद्ध रूपमा अगाडि बढाइएको छ। त्यसैगरी सरोकारवाला निकायहरूसँग समन्वय सुदृढ गर्दै सम्पत्ति पहिचान, बैंक खाता तथा शेयर रोक्का, कानूनी प्रतिरक्षा, अनुसन्धान तथा अभियोजनसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाइएको छ।

यद्यपि अपूर्ण अभिलेख, कमजोर वित्तीय अवस्था, कानूनी जटिलता, सीमित स्रोतसाधन तथा बहुनिकाय समन्वय अभावका कारण कार्यसम्पादनमा चुनौतीहरू विद्यमान रहेका छन्। समितिले आगामी अवधिमा संस्थागत क्षमता अभिवृद्धि, सूचना प्रविधिको थप विस्तार, कानूनी सुधार, डिजिटल सुशासन तथा जोखिममा आधारित व्यवस्थापन प्रणाली अवलम्बन गरी बचतकर्ताको हित संरक्षणलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरेको छ।

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालमा संवैधानिक र कानूनी मान्यता तथा व्यवस्था सहित सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकार समेत गरिएको छ। नेपालको वर्तमान संविधानमा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य सहितको व्यवस्था रहेको छ। सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ का साथै विभिन्न सङ्घीय, प्रादेशिक र स्थानीय विषयगत कानूनबमोजिम तीन तहका सरकारद्वारा सहकारी संस्थाको गठन, सञ्चालन, व्यवस्थापन र नियमनको व्यवस्था गरिएको छ। सो कार्यलाई मार्गदर्शन, व्यवस्थापन र नियमन गर्ने मुख्य जिम्मेवारी सङ्घमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सो अन्तर्गतका सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतका विभिन्न निकाय, प्रदेशमा प्रदेशस्तरका मन्त्रालय तथा निर्देशनालयहरू तथा स्थानीय तहमा मातहतका शाखा समेतको संस्थागत प्रबन्ध रहेको छ।

उल्लिखित संवैधानिक, कानूनी तथा संस्थागत प्रबन्ध बाहेक स्वनियम र स्वनियन्त्रणको सहकारीका सिद्धान्त तथा मूल्य मान्यतासहित सम्बन्धित सहकारी संस्थाहरूका प्रबन्धपत्र, विनियमावलीहरू र नीतिहरूबाट समेत सहकारी संस्थाहरूको सुशासन र अनुशासन कायम गरिने व्यवस्था रहेको छ। यी व्यवस्थाबाट गठन, सञ्चालन, व्यवस्थापन र नियमन भइरहेका सहकारी संस्थाहरू पछिल्लो समय संस्थाको कामकारबाहीको व्यवस्थापकीय भूमिकामा रहेका पदाधिकारी, कर्मचारी र ऋणी सदस्यहरूबाट प्रभावकारी भूमिका निर्वाह नहुनुका साथै अधिकारको दुरुपयोग तथा दायित्वबाट विमुख भएको जस्ता कारणले सहकारी संस्थाहरू समस्यामा पर्ने गरेको देखिन्छ। यस्तो अवस्थालाई मध्यनजर गर्दै जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ को दफा १०४ मा विभिन्न सर्त र मापदण्ड निर्धारण गरी सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गरी स्वनियम र स्वनियन्त्रणमा रहेका त्यस्ता

संस्थाहरूको काम कारबाहीमा सरकारी तवरले हस्तक्षेप र व्यवस्थापन गर्न आवश्यकता देखिएपछि समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाहरूको व्यवस्थापनका लागि दफा १०५ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन, समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। विभिन्न मितिमा नेपाल सरकारबाट समस्याग्रस्त घोषणा भएका सहकारीहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि मिति २०७४।०९।२८ मा पहिलो पटक यो समिति गठन भएको थियो। समिति गठनदेखि हालसम्म २३ वटा सहकारी संस्थाहरू यस समितिको स्वामित्वमा आएकोमा तीन वटा सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गरी राफसाफ प्रतिवेदन मन्त्रालयमा पेस भएको छ। हाल बाँकी २० वटा समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी कार्य समितिको मुख्य कार्यको रूपमा रहेको छ।

## १.२ उद्देश्य

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

क) समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्ने।

ख) बचतकर्ताहरूको रकम फिर्ता गर्न चरणबद्ध रणनीति अपनाउने।

ग) ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकममार्फत बचतकर्ताहरूको रकम फिर्ता चरणबद्ध रूपमा गर्ने।

घ) पारदर्शी डिजिटल बैङ्किङ प्रणालीमार्फत सोझै बचतकर्ताको बैङ्क खातामा पठाउने व्यवस्था मिलाउने।

## १.३ कार्यक्षेत्र

सहकारी ऐन, २०७४ को दफा १०६ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

क) समस्याग्रस्त संस्था वा सङ्घको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

ख) समस्याग्रस्त संस्था वा सङ्घका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था वा सङ्घसँग सम्बन्धित अन्य संस्था, सङ्घ वा कम्पनीका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

ग) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

घ) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति जिम्मा लिने,

ङ) समस्याग्रस्त संस्था वा सङ्घको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

च) समस्याग्रस्त संस्था वा सङ्घले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रकृया अवलम्बन गरी असूल गर्ने,

छ) समस्याग्रस्त संस्था वा सङ्घको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

ज) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

झ) समस्याग्रस्त संस्था वा सङ्घका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

ट) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

ठ) समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,

ड) समस्याग्रस्त संस्था वा सङ्घको तर्फबाट मुद्दा वा कानूनी कारबाही र कानूनी प्रतिरक्षा गर्ने,

ड१)आफ्नो कार्यसम्पादनको लागि आवश्यक पर्ने कार्यविधि वा मापदण्डहरू बनाई लागू गर्ने वा गराउने,

ढ) समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्था वा सङ्घको चल अचल सम्पत्ति वा संस्था वा सङ्घको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने।

## १.४ कानूनी आधार

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यसम्पादनको कानूनी आधार निम्नानुसार रहेको छः

तालिका १: कानूनी आधार र व्यवस्था

| क्र.सं | कानून | सम्बन्धित व्यवस्था |
|---|---|---|
| १. | सहकारी ऐन,२०७४ | दफा १०४ (समस्याग्रस्त घोषणा) र दफा १०५ (व्यवस्थापन समिति गठन) |
| २. | सहकारी नियमावली, २०७५ | धितो लिलाम गर्ने सम्बन्धी विस्तृत व्यवस्था |
| ३. | समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रिय कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ | |

| | | |
|---|---|---|
| ४. | बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३ | समितिको कार्यप्रक्रियालाई पारदर्शी र थप व्यवस्थित गर्न, बचतकर्ताको बचत फिर्ता, ऋण असुली प्रक्रिया तथा समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन प्रक्रियालाई कानूनी निश्चितता प्रदान |
| ५. | समस्याग्रस्त सहकारी संस्थाको पुनः संरचना तथा व्यवस्थापन कार्यविधि, २०८३ | सहकारी ऐन, २०७४ को दफा ११४ बमोजिमको उपचारात्मक कार्य गर्ने प्रयोजनको लागि सो सम्बन्धी प्रक्रियालाई थप व्यवस्थित र स्पष्ट बनाउन |

## १.५ आ.व. २०८२/०८३ को वित्तीय अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका लागि नेपाल सरकारबाट स्वीकृत बजेट तथा सोको कार्यान्वयन सन्तोषजनक रहेको छ। प्रतिवेदन अवधिमा कार्यालयका नियमित प्रशासनिक, कानुनी, सम्पत्ति व्यवस्थापन, ऋण असुली, सूचना प्रविधि तथा सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमहरू स्वीकृत बजेटको परिधिभित्र रही वित्तीय अनुशासन, मितव्ययिता तथा पारदर्शि ढङ्गले आर्थिक कार्यविधिसम्बन्धी कानूनको पालना गर्दै सञ्चालन गरिएको छ।

प्रतिवेदन अवधिमा कार्यालयका लागि कुल रु. ५,६७,३७,१२२ बजेट विनियोजन भएकोमा रु. ४,७४,०८,५६७.६७ खर्च भई समग्र बजेट कार्यान्वयन ८३.५६ प्रतिशत रहेको छ। चालु खर्चतर्फ रु. ५,२७,७४,०६५ विनियोजन भएकोमा रु. ४,३४,५०,३५४.२९ खर्च भई ८२.३३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। त्यसैगरी पूँजीगततर्फ रु. १८,६४,००० विनियोजन भएकोमा रु. १८,५९,१५६.३८ खर्च भई ९९.७४ प्रतिशत वित्तीय प्रगती प्राप्त भएको छ।

यसैगरी, औषधी उपचार शीर्षकअन्तर्गत विनियोजित रु. ८,८९,०१२ तथा सञ्चित बिदा शीर्षक अन्तर्गत विनियोजित रु.१२,१०,०४५ शतप्रतिशत खर्च भएको छ। साथै समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रिय कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ बमोजिम रु. २५ करोड विनियोजन भई प्राप्त भएकामा सो रकमको

चक्रिय कोष खडा गरिएको छ। यसबाट कार्यालयले विनियोजित स्रोतसाधनको प्रभावकारी परिचालन गर्दै वित्तीय अनुशासन, बजेट कार्यान्वयन क्षमता तथा खर्च व्यवस्थापनमा उच्च स्तरको कार्यकुशलता कायम गरेको छ।

कार्यालयले बजेट कार्यान्वयनका क्रममा आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउँदै खर्चको नियमित अनुगमन, वित्तीय प्रतिवेदनको समयमै तयारी, अभिलेख व्यवस्थापन तथा आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानून तथा नेपाल सरकारका वित्तीय मापदण्डहरूको पूर्ण पालना गर्दै वित्तीय सुशासनलाई संस्थागत गर्ने दिशामा आवश्यक कार्यहरू निरन्तर रूपमा गर्दै आएको छ।

तालिका २: आ.व. २०८२/०८३ को वित्तीय अवस्था

| विवरण | बजेट (रुपैंयामा) | खर्च (रुपैंयामा) | खर्च % |
|---|---|---|---|
| चालु | ५,२७,७४,०६५।०० | ४,३४,५०,३५४।२९ | ८२.३३ |
| पूँजीगत | १८,६४,०००।०० | १८,५९,१५६।३८ | ९९.७४ |
| औषधी उपचार | ८,८९,०१२।०० | ८,८९,०१२।०० | १००.०० |
| संचित बिदा | १२,१०,०४५।०० | १२,१०,०४५।०० | १००.०० |
| **कुल जम्मा** | ५,६७,३७,१२२।०० | ४,७४,०८,५६७।६७ | ८३.५६ |

# २. संगठन संरचना

## २.१ समितिको गठन

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घको रूपमा घोषणा गरिएकोमा त्यस्तो समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न नेपाल सरकारले एक व्यवस्थापन समिति गठन गर्ने कानूनी व्यवस्था अन्तर्ग गठन हुने समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) उच्च अदालतको न्यायाधीश भैसकेको वा सो सरहको पदमा काम गरिसकेको नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा काम गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति — अध्यक्ष

(ख) निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा काम गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना — सदस्य

(ग) राष्ट्रिय सहकारी महासङ्घले तोकेको सञ्चालक प्रतिनिधि एकजना— सदस्य

(घ) सहकारी क्षेत्रका विज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको दुई जना— सदस्य

(ङ) बैङ्क तथा वित्तीय संस्थाको कम्तीमा नवौं तह वा सो सरहको पदमा वा चार्टर्ड एकाउण्टेण्ट भई बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना— सदस्य

(च) नेपाल सरकारले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत— सदस्य—सचिव

## २.२ कर्मचारी दरबन्दी तथा जनशक्ति

आर्थिक वर्ष २०८२/०८३ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका लागि नेपाल सरकारबाट कुल ४३ (त्रिचालीस) जना अस्थायी दरबन्दी स्वीकृत रहेको छ। प्रतिवेदन अवधिको अन्त्यसम्म कार्यालयमा स्वीकृत दरबन्दीमध्ये ४० (चालीस) जना कर्मचारी कार्यरत रहेका छन् भने कानुन अधिकृत २ (दुई) पद तथा कम्प्युटर अपरेटर १ (एक) पद गरी जम्मा ३ (तीन) पद रिक्त रहेका छन्।

कार्यालयको कार्यसम्पादनलाई निरन्तर, प्रभावकारी तथा सेवाग्राहीमुखी बनाउन भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा अतिरिक्त जनशक्ति व्यवस्थापन गरिएको छ। समितिको कार्यक्षेत्र, सेवाग्राहीको चाप तथा सम्पादन गर्नुपर्ने कार्यको प्रकृतिलाई दृष्टिगत गर्दा उपलब्ध जनशक्तिले कार्यसम्पादनमा उल्लेखनीय योगदान पुऱ्याएको भए तापनि विषयगत दक्ष जनशक्ति तथा प्राविधिक जनशक्तिको थप आवश्यकता महसुस गरिएको छ। कार्यालयमा कार्यरत कर्मचारीहरूको शाखागत विवरण अनुसूचि-१३ मा उल्लेख गरिएको छ।

तालिका ३: जनशक्ति विवरण (आ.व. २०८२/०८३)

| श्रेणी/ पद | सेवा/ समूह | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|
| रा.प. द्वितीय/ सदस्य सचिव | प्रशासन/सा.प्र | १ | १ | - |
| रा.प तृतीय/शाखा अधिकृत | प्रशासन/सा.प्र | ८ | ८ | - |
| रा.प तृतीय/कानून अधिकृत | नेपाल न्याय/कानून | २ | - | २ |
| रा.प. तृतीय/ कम्प्यूटर इन्जिनियर | विविध | १ | १ | - |
| रा.प.अनं. प्रथम/नायब सुब्बा | प्रशासन/सा.प्र | ७ | ७ | - |
| रा.प.अनं. प्रथम/नायब सुब्बा | नेपाल न्याय/कानून | १ | १ | - |
| रा.प.अनं. प्रथम/लेखापाल | प्रशासन/लेखा | १ | १ | - |
| रा.प.अनं. प्रथम/ कम्प्युटर अपरेटर | विविध | ३ | २ | १ |
| रा.प.अनं. प्रथम/सब इन्जिनियर | इन्जि./सिभिल | १ | १ | - |
| रा.प.अनं. द्वितीय/खरिदार | प्रशासन/सा.प्र | ४ | ४ | - |
| रा.प.अनं. द्वितीय/सहायक कम्प्युटर अपरेटर | विविध | ५ | ५ | - |
| श्रेणी विहिन/ ह.स.चा. | इन्जि./ मेका | ४ | ४ | - |
| श्रेणी विहिन/ कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | ५ | ५ | - |
| **जम्मा** | | ४३ | ४० | ३ |

# ३. सम्याग्रस्त घोषित सहकारीहरूको विवरण

## ३.१ समस्याग्रस्त घोषित सहकारीहरू

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकारले विभिन्न मितिमा समस्याग्रस्त घोषणा गरेका सहकारी संस्थाहरूको विवरण निम्नानुसार रहेको छ। समिति गठनदेखि हालसम्म जम्मा २३ वटा सहकारी संस्थाहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापनका लागि यस समितिमा आएका छन्।

तालिका ४ः समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको विवरण

| क.सं. | सहकारी संस्थाको नाम | घोषित मिति |
|---|---|---|
| १. | कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ |
| २. | कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ |
| ३. | कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ |
| ४. | चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ |
| ५. | स्टाण्डर्ड मल्टिप्रपोज को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ |
| ६. | स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ |
| ७. | प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ |
| ८. | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ |
| ९. | भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ |
| १०. | सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।११।१९ |
| ११. | लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०७६।०४।१२ |
| १२. | ओरेण्टल को-अपरेटिभ लिमिटेड | २०७९।०६।०९ |
| १३. | पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०८०।०४।०१ |
| १४. | तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड | २०८०।०५।२५ |
| १५. | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०।०५।२५ |
| १६. | हाम्रो नयाँ कृषी सहकारी संस्था लिमिटेड | २०८०।१०।११ |
| १७. | कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०।१०।२६ |
| १८. | कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड | २०८०।११।०३ |
| १९. | श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०।११।२९ |
| २०. | गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०।१२।१३ |
| २१. | गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड | २०८१।०३।०६ |
| २२. | नेपाल सहकारी वित्तीय संस्था लिमिटेड | २०८१।०४।०८ |

| | | |
|---|---|---|
| २३. | श्री आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८१।१२।१९ |
| | तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | |
| | हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | |
| | नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | |
| | घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | |

## ३.२ बचतकर्ता तथा मागदावी विवरण

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त सहकारीबाट प्रभावित हजारौं नागरिकको जोखिममा परेको रकम फिर्ता गराउन र सम्पत्ति व्यवस्थापन गर्न चरणबद्ध रणनीति अपनाउँदै आएको छ। समितिको पछिल्लो तथ्याङ्क अनुसार समस्याग्रस्त सहकारीहरूबाट हालसम्म कुल करिब ७६,००० बचतकर्ताको करिब ४७ अर्ब रुपैयाँ बराबरको मागदावी निवेदन दर्ता भएको छ।

तालिका ५ः बचतकर्ता तथा मागदावी सारांश

| विवरण | रकम/सङ्ख्या | अवधि |
|---|---|---|
| जम्मा मागदावी दर्ता (बचतकर्ता) | करिब ७६,००० जना | हालसम्म |
| जम्मा मागदावी रकम | करिब ४७ अर्ब रुपैंया | हालसम्म |
| राफसाफ भएका सहकारी | ३ वटा | हालसम्म |
| बाँकी सहकारी | २० वटा | हालसम्म |
| ऋणी र बचतकर्ताबीच बचत मिलान | रु. ५०,००,८२,३६१।८/- | आ.व. २०८२/०८३ |
| बचत फिर्ता रकम | रु. २०,११,१९,५९१।९/- | आ.व. २०८२/०८३ |

# ४.आ.व. २०८२/०८३ को कार्यसम्पादन प्रगति विवरण

## ४.१ ऋण असूली तथा व्यवस्थापन

समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋण असुली तथा धितो सम्पत्तिको लिलामी प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन गरी बचतकर्ताप्रति रहेको बचत फिर्ता गर्ने दायित्व परिपूर्ति गर्ने उद्देश्यअनुरूप ऋण व्यवस्थापन सम्बन्धी कार्यहरू निरन्तर रूपमा सञ्चालन हुँदै आएका छन्।

ऋण व्यवस्थापनतर्फ समस्याग्रस्त सहकारी संस्थाका पहिचान भएका ऋणीहरूको चल तथा अचल सम्पत्ति, बैंक खाता, लकर, घरजग्गा, राहदानी तथा शेयरलगायतका सम्पत्तिहरू रोक्का गर्न आवश्यक विवरण संकलन गरी निर्णयार्थ समिति समक्ष पेस गर्ने तथा निर्णयानुसार सम्बन्धित निकायहरूमा रोक्का कार्यान्वयनका लागि पत्राचार गर्ने कार्य नियमित रूपमा सम्पन्न गरिएको छ।

त्यसैगरी, ऋणीहरूको ऋण विवरण माग गर्ने, ऋण चुक्तासम्बन्धी निवेदन ग्रहण तथा दर्ता गर्ने, ऋण मिलान गर्ने, ऋणीहरूको विवरण अद्यावधिक गर्ने, अभिलेख रुजु तथा प्रमाणीकरण गर्ने लगायतका कार्यहरू प्रचलित प्रक्रिया बमोजिम सञ्चालन गरिएका छन्। ऋण दायित्व पूर्ण रूपमा भुक्तानी गरेका ऋणीहरूको रोक्का रहेको जायजेथा फुकुवा सम्बन्धी निर्णयका लागि प्रस्ताव पेस गर्ने तथा निर्णयानुसार सम्बन्धित निकायमा फुकुवाको पत्राचार गर्ने कार्य समेत नियमित रूपमा सम्पन्न गरिएको छ। साथै, ऋण चुक्ता वा मिलान भएका ऋणीहरूको लगत, अभिलेख तथा कम्प्युटर प्रणालीमा आवश्यक संशोधन तथा कट्टा गरी अभिलेख अद्यावधिक गर्ने र समस्याग्रस्त सहकारी संस्थाका ऋणीहरूको दृष्टिबन्धक रहेका सम्पत्ति तथा जायजेथाको यकिन गरी अद्यावधिक लगत तयार गर्ने कार्य नियमित रूपमा सञ्चालन भइरहेको छ।

ऋण असुलीको क्षेत्रमा समितिले अवलम्बन गरेका कानूनी तथा प्रशासनिक उपायहरूले सकारात्मक प्रभाव पार्न थालेका छन्। विशेषगरी सहकारी संस्थाको रकम अपचलनमा संलग्न प्रमुख ऋणी तथा सञ्चालकहरूको विवरण समितिको आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गरिएपछि सम्बन्धित पक्षहरूमा सामाजिक तथा नैतिक उत्तरदायित्वको भावना अभिवृद्धि भई ऋण भुक्तानीतर्फ सकारात्मक वातावरण सिर्जना भएको छ। यसको परिणाम स्वरूप सम्पर्कविहीन रहेका केही ऋणीहरू स्वेच्छिक रूपमा समितिको सम्पर्कमा आई करोडौं रुपैंया बराबरको बक्यौता ऋण चुक्ता गर्ने क्रम प्रारम्भ भएको छ, जसले ऋण असुली प्रक्रियालाई थप प्रभावकारी बनाउन योगदान पुर्‍याएको छ।

तालिका ६: ऋण असुली तथा सम्पत्ति व्यवस्थापन सारांश

| विवरण | रकम/स्थिति | अवधि |
|---|---|---|
| ऋण असुली (बैङ्क दाखिला) | रु. १८,९३,६७,३६१।६/- | आ.व. २०८२/०८३ |
| ऋणी र बचतकर्ताबीच बचत मिलान | रु. ५०,००,८२,३६१।८/- | आ.व. २०८२/०८३ |
| रोक्का गरिएका जायजेथा | घरजग्गा, बैङ्क खाता, शेयर | निरन्तर |
| सार्वजनिक गरिएका ऋणी/सञ्चालक | नामावली वेबसाइटमा प्रकाशित | निरन्तर |
| लिलाम बिक्री सूचना (३५ दिने) | जग्गा तथा मार्टका सामानहरू लिलाम प्रक्रियामा | निरन्तर |

## ४.२ बचत फिर्ता व्यवस्थापन

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त सहकारी संस्थाबाट प्रभावित बचतकर्ताहरूको बचत रकम सुरक्षित रूपमा फिर्ता गराउने तथा सम्बन्धित सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले चरणबद्ध रणनीति अवलम्बन गर्दै आएको छ। बचत फिर्ता प्रक्रियालाई पारदर्शी, न्यायोचित तथा व्यवस्थित बनाउन सहकारी ऐन, २०७४ तथा प्रचलित कानूनी व्यवस्थाबमोजिम बचतकर्ताहरूको मौजुदा बचत रकमका आधारमा वर्गीकरण प्रणाली कार्यान्वयनमा ल्याइएको छ।

उक्त व्यवस्थाअनुसार पाँच लाख रुपैयाँभन्दा कम मौजुदा बचत भएका सदस्यहरूलाई 'साना बचतकर्ता' का रूपमा वर्गीकरण गरी उनीहरूको बचत फिर्ता प्रक्रियालाई प्राथमिकता प्रदान गर्ने उद्देश्यले विशेष कार्यविधि लागू गरिएको छ। प्रारम्भिक चरणमा न्यून रकम बचत गरेका सर्वसाधारण बचतकर्ताहरूलाई लक्षित गरी बचत फिर्ता कार्यक्रम सञ्चालन गरिएको छ। सोहीअनुरूप पहिलो चरणमा रु. १०,००० सम्म बचत भएका करिब पाँच हजार साना बचतकर्तालाई लक्षित गरी बचत फिर्ता प्रक्रिया अघि बढाइएको छ।

ऋण असुली तथा सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमलाई पारदर्शी डिजिटल बैंकिङ प्रणालीमार्फत सम्बन्धित बचतकर्ताको बैङ्क खातामा प्रत्यक्ष भुक्तानी गर्ने व्यवस्था

कार्यान्वयनका लागि आवश्यक संस्थागत तथा प्राविधिक समन्वय अघि बढाइएको छ। यस व्यवस्थाबाट बचत फिर्ता प्रक्रियामा पारदर्शिता, विश्वसनीयता तथा उत्तरदायित्व अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

समितिले समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापनमार्फत प्राप्त स्रोत परिचालन गरी साना बचतकर्ताहरूको बचत रकम चरणबद्ध रूपमा फिर्ता गर्ने प्रक्रिया प्रारम्भ गरेको छ। यस कार्यलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रूपमा सञ्चालन गर्न बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३ लागू गरी सो कार्यविधिअनुरूप बचत फिर्ता कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाइएको छ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले नेपाल सरकारबाट समस्याग्रस्त घोषणा भएका सहकारीहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्दै बचतकर्ताहरूको मागदाबी अनुसार सहकारी ऐन, २०७४, सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश, नेपाल सरकारको १०० बुँदे घोषणापत्र बमोजिम प्राथमिकता निर्धारण गरी नियमित रूपमा बचत फिर्ता गर्दै आइरहेको छ। समितिले ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, स्वीकृती प्राप्त चिकित्सकले प्रमाणीकरण गरेको आधारमा प्राणघातक रोग लागेका बचतकर्ता, एकल महिला तथा पूर्ण अपाङ्ग/अशक्त बचतकर्तालाई वार्षिक रुपमा एकपटक तथा पाँचलाख भन्दा बढि बचत भएका बचतकर्तालाई एकपटकमा बढिमा पचास प्रतिशतले नबढ्ने गरी नियमित रूपमा बचत फिर्ता दिने कार्य समेत सुरू गरेको छ।

तालिका ७: बचत फिर्ता प्रगति सारांश

| विवरण | सङ्ख्या/स्थिति | अवधि |
|---|---|---|
| साना बचतकर्ता (रु. १०,०००सम्म) | करिब ५,००० | प्राथमिकतामा |
| बचत फिर्ता कार्यविधि, २०८२ | लागू गरिएको | २०८२ |
| चक्रिय राहत कोष | हालसम्म प्रयोग नगरिएको | निरन्तर |
| डिजिटल बैङ्किङ मार्फत भुक्तानी | व्यवस्था मिलाइँदै | प्रक्रियामा |
| राफसाफ भएका सहकारी | ३ वटा | हालसम्म |

## ४.३ सम्पत्ति व्यवस्थापन तथा लिलाम प्रक्रिया

सम्पत्ति व्यवस्थापनतर्फ समितिले समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति संरक्षण, व्यवस्थापन तथा मुद्रीकरण प्रक्रियालाई प्रभावकारी बनाउन उल्लेखनीय प्रगति हासिल गरेको छ। यस क्रममा समस्याग्रस्त सहकारी संस्थाको वित्तीय अपचलन तथा अनियमिततामा संलग्न सञ्चालक, पदाधिकारी, व्यवस्थापक, ऋणी तथा प्रचलित कानूनबमोजिम सम्बन्धित व्यक्तिहरूको नाममा रहेका चल तथा अचल सम्पत्ति, बैङ्क खाता, शेयर, वित्तीय उपकरण तथा अन्य सम्पत्तिको खोज, पहिचान, अभिलेखीकरण तथा कानूनी प्रक्रिया अनुरूप रोक्का गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गरिएको छ। यसबाट समितिको सम्पत्ति संरक्षण तथा बचतकर्ताको हित संरक्षणसम्बन्धी कार्यलाई थप सुदृढ आधार प्राप्त भएको छ।

रोक्का गरिएका अचल सम्पत्तिहरूको यथार्थ अवस्था, स्वामित्व, प्राविधिक विवरण तथा बजार मूल्यको यकिन गरी प्रचलित कानूनी व्यवस्था बमोजिम गोप्य सिलबन्दी बोलपत्र मार्फत ३५ दिने सार्वजनिक लिलाम बिक्री प्रक्रिया सञ्चालन गरिएको छ। उक्त प्रक्रियाबाट प्राप्त हुने रकमलाई समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताप्रतिको दायित्व भुक्तानीमा परिचालन गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ जसले गैरवित्तीय सम्पत्तिलाई नगदमा रुपान्तरण गरी बचत फिर्ता प्रक्रियालाई थप प्रभावकारी बनाएको छ।

सम्पत्तिको यथार्थ मूल्याङ्कन सुनिश्चित गर्न जग्गाको नापजाँच, भौतिक निरीक्षण, प्राविधिक परीक्षण तथा मूल्य निर्धारणका लागि सर्वेक्षक, अमिन, सब-इन्जिनियर तथा अन्य प्राविधिक जनशक्तिलाई स्थलगत रूपमा परिचालन गरिएको छ। यसबाट लामो समयदेखि कानूनी तथा प्राविधिक कारणले व्यवस्थापन हुन नसकेका सम्पत्तिहरूको अभिलेखीकरण, मूल्याङ्कन तथा लिलाम प्रक्रिया उल्लेखनीय रूपमा अघि बढ्न सकेको छ।

सम्पत्ति व्यवस्थापन कार्यलाई थप व्यवस्थित, प्रभावकारी तथा परिणाममुखी बनाउन समितिले सम्पत्ति पहिचान, संरक्षण, अभिलेख व्यवस्थापन, मूल्याङ्कन, लिलाम बिक्री तथा प्राप्त रकमको व्यवस्थापन सम्बन्धी कार्यलाई संस्थागत रूपमा सञ्चालन गरेको छ। साथै मौजुदा जनशक्तिको अधिकतम उपयोग गर्दै कार्यालयको संगठनात्मक संरचनाभित्र छुट्टै सम्पत्ति व्यवस्थापन शाखा

स्थापना गरी समस्याग्रस्त सहकारी संस्थाहरूका विभिन्न स्थानमा रहेका वित्तीय तथा गैरवित्तीय सम्पत्तिको खोज, संरक्षण, वर्गीकरण, अभिलेखीकरण, मूल्याङ्कन तथा प्रचलित कानूनबमोजिम गोप्य सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने कार्यलाई व्यवस्थित रूपमा अघि बढाइरहेको छ।

समितिले अवलम्बन गरेको उक्त व्यवस्थापन प्रणालीले सम्पत्तिको प्रभावकारी उपयोग, पारदर्शी लिलाम प्रक्रिया तथा प्राप्त स्रोतको अधिकतम परिचालन सुनिश्चित गर्दै बचतकर्ताप्रतिको दायित्व भुक्तानी प्रक्रियालाई थप विश्वसनीय, उत्तरदायी तथा परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ४.४ नवीनतम पहल तथा संस्थागत सुधार

आर्थिक वर्ष २०८२/०८३ मा समितिले संस्थागत क्षमता अभिवृद्धि, कार्यप्रणाली सुधार, सेवा प्रवाहको प्रभावकारिता तथा समस्याग्रस्त सहकारी व्यवस्थापन प्रक्रियालाई थप व्यवस्थित र परिणाममुखी बनाउन देहायबमोजिमका महत्वपूर्ण पहलहरू गरेको छः-

१. समितिको आन्तरिक प्रशासन, निर्णय प्रक्रिया तथा कार्य सञ्चालनलाई व्यवस्थित र एकरूप बनाउन आन्तरिक कार्य सञ्चालन कार्यविधिहरू स्वीकृत गरी लागू गरिएको छ।
२. ऋण दायित्व गणनामा एकरूपता, पारदर्शिता तथा शुद्धता कायम गर्न मानकीकृत ऋण गणना सूत्र कार्यान्वयनमा ल्याइएको छ।
३. ऋण गणना, अभिलेख व्यवस्थापन तथा तथ्याङ्कको स्वचालित प्रशोधनलाई व्यवस्थित गर्न Loan Calculation Management System (LCMS) को विकास गरिएको छ।
४. बचत तथा ऋणसम्बन्धी मिलान र फरफारक प्रक्रियालाई सहज, छिटो तथा प्रभावकारी बनाउन संयुक्त निवेदनमार्फत सेवा प्रवाह गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।
५. ऋणी तथा बचतकर्ताबाट प्राप्त हुने गुनासा, उजुरी तथा निवेदनहरूको व्यवस्थित अभिलेखीकरण, परीक्षण र सम्बोधनका लागि गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याई कार्यान्वयन भइरहेको छ।

६. कार्यालयको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन कार्यक्षेत्र र जिम्मेवारीका आधारमा आन्तरिक कार्यविभाजन सम्पन्न गरी कार्यप्रवाहलाई व्यवस्थित गरिएको छ।
७. अभिलेख व्यवस्थापन, बचत तथा ऋणसम्बन्धी विवरणको अभिलेखीकरण, वित्तीय तथ्याङ्कको विश्लेषण तथा प्रणालीगत अभिलेख तयार गर्ने सम्बन्धमा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
८. समस्याग्रस्त सहकारी संस्थाबाट प्रभावित बचतकर्ता, सरोकारवाला निकाय तथा सम्बन्धित पक्षहरूसँग नियमित छलफल, अन्तरक्रिया तथा समन्वय कार्यक्रम सञ्चालन गरी समस्या समाधान प्रक्रियामा सहभागितामूलक दृष्टिकोण अवलम्बन गरिएको छ।
९. नेपाल सहकारी वित्तीय संस्था लिमिटेड लगायतका समस्याग्रस्त सहकारी संस्थाहरूबाट समस्या समाधान सम्बन्धी कार्ययोजना प्राप्त गरी सहकारीको पुन व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गरिएको छ भने अन्य समस्याग्रस्त संस्थालाइ पनि उक्त प्रक्रियामा सामेल हुन आह्वान गरिएको छ।
१०. समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थामध्ये प्रारम्भिक मूल्याङ्कनका आधारमा पुनःसंरचना तथा राफसाफ प्रक्रियामार्फत व्यवस्थापन गर्न सकिने सम्भावना देखिएका तीन वटा सहकारी संस्थाको सम्बन्धमा प्रचलित कानूनी व्यवस्था बमोजिम आवश्यक प्रक्रिया तथा कारबाही प्रारम्भ गरिएको छ।

## ४.५ कानूनी तथा संस्थागत सुधारका प्रमुख कार्यहरू

समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानी प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा प्रभावकारी बनाउने उद्देश्यले प्रतिवेदन अवधिमा कार्यालयले कानूनी तथा संस्थागत सुधारका क्षेत्रमा उल्लेखनीय पहलहरू गरेको छ। नयाँ पदाधिकारीहरूको पदबहालीपश्चात समितिको कार्यसम्पादनलाई स्पष्ट कानूनी आधार प्रदान गर्दै कार्यप्रक्रियालाई थप व्यवस्थित, एकरूप र परिणाममुखी बनाउन आवश्यक कानूनी उपकरण तथा कार्यविधिहरू तर्जुमा, परिमार्जन तथा कार्यान्वयनमा विशेष प्राथमिकता दिइएको छ।

समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाका बचतकर्ताहरूको बचत रकम शीघ्र तथा व्यवस्थित रूपमा फिर्ता गर्ने, समस्याग्रस्त संस्थाको सम्पत्ति संरक्षण, व्यवस्थापन, ऋण असुली तथा गैरवित्तीय सम्पत्तिको प्रभावकारी परिचालनमार्फत दायित्व भुक्तानी प्रक्रियालाई तीव्रता प्रदान गर्ने उद्देश्यले विभिन्न कार्यविधि, प्रक्रियागत मापदण्ड तथा कानूनी ढाँचाहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट समितिको कार्यसम्पादनलाई थप कानूनी स्पष्टता, प्रक्रियागत एकरूपता तथा संस्थागत स्थायित्व प्रदान भएको छ।

## ४.५.१ नयाँ कार्यविधिको तर्जुमा तथा कार्यान्वयन

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ ले समितिलाई प्रदान गरेका अधिकार तथा जिम्मेवारीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कानूनी तथा प्रक्रियागत स्पष्टता आवश्यक रहेको सन्दर्भमा सहकारी सम्बन्धी प्रचलित कानूनी व्यवस्थाअनुरूप कार्यविधि निर्माण तथा परिमार्जनको कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ ले समितिलाई आवश्यक कार्यविधि निर्माण गर्ने अधिकार प्रदान गरे अनुरूप तथा विद्यमान कार्यविधिहरूलाई समसामयिक आवश्यकता, वर्तमान सरकारका नीति तथा प्राथमिकता एवं कार्यसम्पादनका व्यावहारिक आवश्यकतासँग तादात्म्य कायम गर्ने उद्देश्यले पुनरावलोकन गरिएको छ। प्रतिवेदन अवधिमा तीन वटा कार्यविधि स्वीकृत भई कार्यान्वयनमा रहेका छन्।

### (क) बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३

समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्था वा सङ्घहरूको सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानी प्रक्रियालाई पारदर्शी, व्यवस्थित तथा कानूनी रूपमा सुनिश्चित गर्न बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३ तर्जुमा गरिएको छ। उक्त कार्यविधि समितिबाट मिति २०८३।०२।२६ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ। हाल समितिबाट सम्पादन हुने सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा बचत फिर्तासम्बन्धी अधिकांश कार्य यही कार्यविधिको आधारमा सञ्चालन भइरहेको छ।

### (ख) समस्याग्रस्त सहकारी संस्थाको पुनःसंरचना तथा व्यवस्थापन कार्यविधि, २०८३

सहकारी ऐन, २०७४ को दफा ११४ बमोजिम उपलब्ध उपचारात्मक व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा पुनःसंरचना प्रक्रियालाई व्यवस्थित, पारदर्शी र स्पष्ट बनाउने उद्देश्यले समस्याग्रस्त सहकारी संस्थाको पुनःसंरचना तथा व्यवस्थापन कार्यविधि, २०८३ तर्जुमा गरिएको छ। उक्त कार्यविधि समितिबाट मिति २०८३।०२।२९ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ। यसले पुनःसंरचना प्रक्रियालाई स्पष्ट कार्यप्रणाली प्रदान गर्नुका साथै पुन व्यवस्थापनको सम्भावना भएका सहकारी संस्थाहरूको व्यवस्थापनलाई थप प्रभावकारी बनाएको छ।

### (ग) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८३

समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्था वा सङ्घको स्वामित्वमा रहेका तथा धितोमा रहेका सम्पत्तिको बिक्री, उपयोग तथा व्यवस्थापन प्रक्रियालाई प्रचलित नेपाल कानूनसँग सामञ्जस्यपूर्ण, पारदर्शी तथा प्रभावकारी बनाउने उद्देश्यले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८३ को मिति २०८३।०३।१२ मा स्वीकृत भई कार्यान्वयनमा रहेको छ।यस कार्यविधिले सम्पत्ति लिलाम तथा व्यवस्थापन प्रक्रियामा थप कानूनी स्पष्टता, पारदर्शिता र कार्यदक्षता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

## ४.५.२ कानूनी ढाँचा तथा निवेदनका नमूना विकास

समितिबाट सम्पादन हुने विभिन्न कानूनी, प्रशासनिक तथा प्रक्रियागत कार्यहरूमा एकरूपता कायम गर्न आवश्यक कानूनी ढाँचा, नमूना फाराम तथा निवेदनका एकीकृत ढाँचा विकास गरिएको छ। तयार गरिएका ढाँचाहरू समितिबाट स्वीकृत भई नियमित कार्यसम्पादनमा प्रयोगमा ल्याइएका छन्। यसअन्तर्गत सनाखतसम्बन्धी कागजात, सेवा प्राप्तिका लागि आवश्यक विभिन्न निवेदनका नमूना, बचत तथा ऋण मिलानसम्बन्धी कागजात तथा अन्य प्रक्रियागत ढाँचाहरू समावेश रहेका छन्। यस्ता मानकीकृत ढाँचाको प्रयोगबाट कार्यसम्पादनमा एकरूपता कायम हुनुका साथै सेवा प्रवाहलाई थप छरितो, पारदर्शी र प्रभावकारी बनाउन तथा सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने समय उल्लेखनीय रूपमा न्यूनीकरण

गर्न सहयोग पुगेको छ। बचतफिर्ता सनाखत कागज, ऋण बचत मिलान सनाखत कागज तथा एक करोड रूपैंया वा सो भन्दा बढी बचत रकम रहेको बचतकर्ताले गर्ने स्वघोषणाका नमूना क्रमशः अनुसूचि-८, अनुसूचि-९ र अनुसूचि-१० मा राखिएको छ।

### ४.५.३ कानूनी प्रतिरक्षा तथा फैसला कार्यान्वयन

समितिलाई विपक्षी बनाई विभिन्न तहका अदालतहरूमा दायर भएका रिट निवेदन, मुद्दा तथा अन्य कानूनी विवादहरूमा समितिको तर्फबाट प्रभावकारी कानूनी प्रतिरक्षा गरिएको छ। प्रत्येक मुद्दामा तथ्यगत तथा कानूनी आधारसहित समयमै प्रतिरक्षा प्रस्तुत गरी समितिको संस्थागत हित तथा कानूनी अधिकारको संरक्षणमा विशेष जोड दिइएको छ।

त्यसैगरी, सम्मानित अदालतबाट भएका अन्तरिम आदेश, निर्देशनात्मक आदेश तथा अन्तिम फैसलाहरूको प्रचलित कानूनबमोजिम समयमै कार्यान्वयन सुनिश्चित गर्न आवश्यक समन्वय, निर्णय तथा प्रशासनिक प्रक्रिया अवलम्बन गरिएको छ। यसबाट अदालतका आदेशहरूको प्रभावकारी कार्यान्वयनसँगै विधिको शासन, संस्थागत उत्तरदायित्व तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुगेको छ।

## ४.६ सूचना प्रविधिमा आधारित सेवा प्रवाह तथा डिजिटल रूपान्तरण

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले संस्थागत कार्यसम्पादनलाई आधुनिक, पारदर्शी, सेवाग्राहीमैत्री तथा प्रविधिमैत्री बनाउने उद्देश्यले सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology–ICT) को व्यापक प्रयोगलाई उच्च प्राथमिकतामा राखी डिजिटल रूपान्तरणका विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ। प्रतिवेदन अवधिमा सूचना प्रविधिमा आधारित प्रणालीहरूको विकास, विस्तार तथा परिमार्जनमार्फत सेवा प्रवाह, अभिलेख व्यवस्थापन, वित्तीय तथ्याङ्क विश्लेषण, ऋण व्यवस्थापन तथा सेवाग्राहीसँगको अन्तरक्रियालाई थप प्रभावकारी बनाउने दिशामा उल्लेखनीय प्रगति हासिल भएको छ।

### ४.६.१ अनलाइन मागदाबी प्रणाली (Online Claim System)

समस्याग्रस्त सहकारी संस्थाबाट प्रभावित बचतकर्ताहरूलाई सहज, छरितो तथा पहुँचयोग्य सेवा उपलब्ध गराउने उद्देश्यले विकास गरिएको अनलाइन मागदाबी प्रणाली (Online Claim System) लाई थप परिमार्जन तथा सुदृढीकरण गर्दै कार्यान्वयनमा ल्याइएको छ। यस प्रणालीमार्फत बचतकर्ताहरूले आफ्नो बचत, शेयर, ब्याज तथा अन्य दाबीसम्बन्धी निवेदन कार्यालयमा भौतिक रूपमा उपस्थित नभई विद्युतीय माध्यमबाट नै दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ।

यस प्रणालीको कार्यान्वयनले विशेषतः काठमाडौं उपत्यकाबाहिर रहेका सेवाग्राही, ज्येष्ठ नागरिक, अशक्त तथा अन्य विशेष आवश्यकता भएका व्यक्तिहरूको सेवा पहुँचमा उल्लेखनीय सुधार ल्याएको छ। साथै मागदाबी दर्ता प्रक्रियालाई सरल, पारदर्शी तथा समयबद्ध बनाउँदै सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको छ।

### ४.६.२ ऋण गणना व्यवस्थापन प्रणाली (LCMS)

ऋण तथा बचतसम्बन्धी तथ्याङ्कको व्यवस्थापन, गणना तथा अभिलेखीकरणलाई स्वचालित र मानकीकृत बनाउन Loan Calculation Management System (LCMS) को विकास गरी कार्यान्वयनलाई प्राथमिकताकासाथ अघि बढाइएको छ।

यस प्रणालीमार्फत ऋणको सावाँ, ब्याज, हर्जाना तथा अन्य वित्तीय दायित्वहरूको गणना छिटो तथा यथार्थपरक रूपमा गर्न सकिने व्यवस्था गरिएकोको छ। प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा आएपछि मानवीय त्रुटि न्यूनीकरण, गणनाको शुद्धता अभिवृद्धि, अभिलेख व्यवस्थापनको एकरूपता तथा दायित्व निर्धारण प्रक्रियामा पारदर्शिता र विश्वसनीयता थप सुदृढ हुने अपेक्षा गरिएको छ।हाल उक्त प्रणालीको परिमार्जित संस्करणका लागि प्रणाली डिजाइन, सफ्टवेयर विकास, परीक्षण तथा चरणबद्ध कार्यान्वयनको कार्य सम्पन्न हुने क्रममा रहेको छ।

### ४.६.३ डिजिटल माध्यमबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापन

ऋण असुली तथा सम्पत्ति व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोगलाई संस्थागत गरिएको छ। समितिले प्रचलित कानूनी व्यवस्थाबमोजिम सार्वजनिक गर्न मिल्ने विवरणहरू जस्तै समस्याग्रस्त सहकारी संस्थाका प्रमुख ऋणी, सम्बन्धित सञ्चालक, रोक्का गरिएका सम्पत्ति तथा लिलाम बिक्रीसम्बन्धी सूचनाहरू कार्यालयको आधिकारिक वेबसाइटमार्फत नियमित रूपमा प्रकाशन गर्दै आएको छ।

यस प्रकारको सार्वजनिक सूचना प्रणालीले पारदर्शिता अभिवृद्धि गर्नुका साथै सम्बन्धित पक्षहरूमा उत्तरदायित्वको भावना विकास गर्न सहयोग पुगेको छ। साथै ऋण असुली प्रक्रियामा स्वेच्छिक सहभागिता वृद्धि भई बक्यौता दायित्व भुक्तानीतर्फ सकारात्मक परिणाम प्राप्त हुन थालेको छ।

### ४.६.४ सेवाग्राही सूचना तथा गुनासो व्यवस्थापन

सेवाग्राहीलाई समयमै सूचना उपलब्ध गराउने तथा गुनासा व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयले आफ्नो वेबसाइट, आधिकारिक सामाजिक सञ्जाल तथा विद्युतीय सञ्चार माध्यमहरूको नियमित प्रयोग गर्दै आएको छ। लिलाम बिक्रीसम्बन्धी सूचना, बचत फिर्ताको प्राथमिकता सूची, नीतिगत निर्णय, सार्वजनिक सूचना तथा अन्य आवश्यक जानकारी समयमै अद्यावधिक गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी अनलाइन गुनासो व्यवस्थापन प्रणाली तथा केन्द्रीकृत इमेल प्रणालीमार्फत सेवाग्राहीका गुनासा, सुझाव तथा निवेदन प्राप्त गरी तोकिएको प्रक्रिया अनुसार सम्बोधन गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ। यसले सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व तथा सुशासन अभिवृद्धि गर्नुका साथै सेवाग्राही र कार्यालयबीचको प्रत्यक्ष सम्पर्कलाई थप सहज बनाएको छ।

### ४.६.५ मागदाबी प्रमाणीकरण तथा आवेदन ट्र्याकिङ प्रणाली

अनलाइन मागदाबी प्रणालीलाई थप परिष्कृत गर्ने उद्देश्यले मागदाबी प्रमाणीकरण, बचत विवरणको विद्युतीय प्रमाणीकरण तथा बचत फिर्ता प्रक्रियालाई एकद्वार प्रणाली मार्फत सञ्चालन गर्ने मनासयले विशिष्टिकृत बचत शाखाको व्यवस्था गरिएको छ।

यसका साथै, सेवाग्राहीले आफ्नो दर्ता नम्बर वा मोबाइल नम्बरका आधारमा मागदाबी निवेदनको अवस्था, कागजात प्रमाणीकरणको प्रगति तथा प्रक्रिया कुन चरणमा पुगेको छ भन्ने विवरण अनलाइनमार्फत नै अवलोकन गरी जानकारी दिन छुट्टै सहायता कक्ष रहेको छ। यसबाट सेवाग्राहीको सूचना पहुँच अभिवृद्धि हुनुका साथै कार्यालयमा अनावश्यक सम्पर्क, सोधपुछ तथा समय खर्चमा उल्लेखनीय कमी आउने अपेक्षा गरिएको छ।

### ४.६.६ एकीकृत सूचना प्रणाली तथा डिजिटल प्रशासन

कार्यालयको सूचना प्रवाह तथा प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउन एकीकृत वेबसाइट प्रणालीको पुनःसंरचना तथा नियमित अद्यावधिक कार्य सम्पन्न गरिएको छ। नेपाल सरकारको एकीकृत ई—हाजिरी प्रणालीसँग कार्यालयलाई आबद्ध गरी कर्मचारी उपस्थितिको डिजिटल व्यवस्थापनलाई थप व्यवस्थित बनाइएको छ।

त्यसैगरी केन्द्रीकृत सरकारी इमेल प्रणाली कार्यान्वयन गरी कार्यालयभित्र तथा अन्तरनिकाय सूचना आदानप्रदानलाई छरितो, सुरक्षित तथा विश्वसनीय बनाइएको छ। यस व्यवस्थाबाट सरकारी सूचनाको गोपनीयता, वैधानिकता तथा अभिलेखीकरणलाई सुदृढ बनाउँदै डिजिटल सुशासनको अभ्यासलाई संस्थागत गरिएको छ।

समग्रमा सूचना प्रविधिमा आधारित सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन अनलाइन मागदाबी प्रणाली, ऋण गणना व्यवस्थापन प्रणाली (LCMS) तथा अन्य विद्युतीय सेवाहरूको निरन्तर स्तरोन्नति गर्ने नीति अवलम्बन गरिएको छ। आगामी चरणमा मोबाइल एप्लिकेसन विकास, प्रणालीहरूबीच अन्तरआबद्धता (System Integration), स्वचालित प्रमाणीकरण, वास्तविक समयमा सूचना अद्यावधिक तथा सेवाग्राही केन्द्रित डिजिटल सेवाहरूको विस्तारमार्फत कार्यालयको समग्र कार्यसम्पादनलाई थप आधुनिक, पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ।

# ५. समस्याग्रस्त सहकारी व्यवस्थापनका प्रमुख समस्या र चुनौतीहरू

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाहरूको सम्पत्ति संरक्षण, ऋण असुली तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानीलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने उद्देश्यले कानूनी, प्रशासनिक तथा संस्थागत व्यवस्थाअनुरूप निरन्तर कार्यसम्पादन गर्दै आएको छ। प्रतिवेदन अवधिमा संस्थागत क्षमता अभिवृद्धि, सूचना प्रविधिको प्रयोग, कानूनी सुधार तथा कार्यप्रणालीमा सरलीकरणका माध्यमबाट उल्लेखनीय प्रगति हासिल भए तापनि कार्यसम्पादनको प्रकृति, समस्याग्रस्त सहकारी संस्थाहरूको जटिल अवस्था तथा बहुपक्षीय समन्वयको आवश्यकताका कारण विभिन्न संरचनागत, कानूनी, प्रशासनिक, वित्तीय तथा प्राविधिक चुनौतीहरू विद्यमान रहेका छन्।

विशेषगरी समस्याग्रस्त घोषणा हुनुअघि नै अभिलेख तथा सम्पत्तिको हिनामिना, अपूर्ण तथा अविश्वसनीय वित्तीय विवरण, सीमित जनशक्ति तथा स्रोत साधन, बहुनिकाय समन्वयको जटिलता, कानूनी प्रक्रियाको जटिल स्वरूप तथा प्रविधिमा आधारित एकीकृत सूचना प्रणालीको आवश्यकता जस्ता पक्षहरूले समितिको कार्यसम्पादनमा प्रत्यक्ष प्रभाव पारेका छन्। यद्यपि यस्ता चुनौतीहरूको क्रमशः समाधान गर्दै संस्थागत क्षमता सुदृढीकरण, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि तथा बचतकर्ताको हित संरक्षणलाई केन्द्रमा राखी समितिले सुधारमुखी पहलहरू निरन्तर अघि बढाइरहेको छ। यस सन्दर्भमा प्रतिवेदन अवधिमा पहिचान भएका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम प्रस्तुत गरिएको छ :-

## ५.१ प्रमुख समस्याहरू

१. समस्याग्रस्त घोषणा हुनुअघि र समितिको जिम्मेवारीमा सम्पत्ति तथा अभिलेख हस्तान्तरण हुने अवधिबीच सम्बन्धित सहकारी संस्थाका अभिलेख, वित्तीय विवरण, डिजिटल डाटा तथा चल अचल सम्पत्तिको हिनामिना, लोप वा अनधिकृत हस्तान्तरण हुने गरेको कारण वास्तविक दायित्व, सम्पत्ति तथा बचत विवरण यकिन गर्न कठिनाइ हुने गरेको छ।
२. समितिको कार्यप्रकृति अनुसन्धान, सम्पत्ति खोज तथा पहिचान, कानूनी प्रतिरक्षा, अन्तरनिकाय समन्वय, ऋण असुली तथा सम्पत्ति व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित

भए तापनि विद्यमान संगठनात्मक संरचना, सीमित क्षेत्राधिकार तथा अपर्याप्त जनशक्तिका कारण कार्यसम्पादन अपेक्षित रूपमा प्रभावकारी बनाउन कठिनाइ भएको छ।

३. समस्याग्रस्त सहकारी संस्थाका मुख्य तथा शाखा कार्यालय, सम्पत्ति, ऋणी तथा बचतकर्ताहरू देशका विभिन्न प्रदेश तथा जिल्लामा फैलिएका कारण स्थलगत निरीक्षण, प्रमाण संकलन, सम्पत्ति पहिचान, अभिलेख व्यवस्थापन तथा कानूनी कारबाहीमा समय, स्रोत तथा बजेटको उच्च आवश्यकता पर्ने गरेको छ।

४. सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्यमा आवश्यक पर्ने एकीकृत सूचना प्रणाली, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणाली पूर्ण रूपमा संस्थागत हुन नसक्दा तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा निर्णय प्रक्रियामा चुनौती देखिएको छ।

५. कार्यालयको अस्थायी प्रकृति, कर्मचारीहरूको नियमित सरुवा तथा विषयगत दक्ष जनशक्तिको अभावका कारण संस्थागत स्मृति (Institutional Memory), कार्य निरन्तरता तथा विशेषज्ञता विकासमा अपेक्षित स्थायित्व कायम हुन सकेको छैन।

६. समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी प्रक्रियामा सरकारी आर्थिक कार्यविधिसम्बन्धी कानून र सहकारीसम्बन्धी कानूनी व्यवस्थाबीचको प्रक्रियागत स्पष्टताको अभावले कतिपय निर्णय तथा कार्यान्वयन प्रक्रियामा जटिलता उत्पन्न हुने गरेको छ।

७. आन्तरिक कार्यप्रवाह, जिम्मेवारी विभाजन तथा प्रक्रियागत सरलीकरण पूर्ण रूपमा संस्थागत हुन नसक्दा कार्यबोझ व्यवस्थापन तथा सेवा प्रवाहको दक्षतामा अपेक्षित सुधार हुन सकेको छैन।

८. समस्याग्रस्त सहकारी संस्थाबाट प्राप्त बचतकर्ता, ऋणी, शेयर सदस्य तथा वित्तीय कारोबारसम्बन्धी विवरण अपूर्ण, अद्यावधिक नभएका वा प्रमाणित हुन नसकेका कारण ऋण असुली, बचत मिलान तथा दायित्व भुक्तानी प्रक्रियामा ढिलाइ हुने गरेको छ।

९. सम्बन्धित सहकारी संस्था वा तिनसँग आबद्ध व्यक्ति तथा संस्थाको नाममा रहेका सम्पत्तिमा बैंक तथा अदालतबाट पूर्वरोक्का कायम रहेको अवस्थाले सम्पत्ति लिलाम बिक्री तथा दायित्व भुक्तानी प्रक्रियालाई प्रभावित गरेको छ।

१०. केही समस्याग्रस्त सहकारी संस्थाहरूमा डिजिटल अभिलेखको अभाव, लेखा प्रणालीको कमजोरी तथा वित्तीय विवरणको अपूर्णताका कारण सम्पत्ति तथा दायित्वको यथार्थ अवस्था निर्धारण गर्न थप समय र स्रोत खर्च गर्नुपर्ने अवस्था रहेको छ।

११. समस्याग्रस्त सहकारी संस्थाका सञ्चालक, पदाधिकारी, ऋणी तथा सम्बन्धित पक्षहरूबाट आवश्यक सूचना, कागजात तथा सम्पत्तिसम्बन्धी विवरण समयमै उपलब्ध नहुँदा अनुसन्धान तथा सम्पत्ति व्यवस्थापन प्रक्रिया प्रभावित हुने गरेको छ।

१२. समस्याग्रस्त सहकारीहरूको सङ्ख्या, दायित्व तथा बचतकर्ताको चापको तुलनामा उपलब्ध बजेट, प्राविधिक पूर्वाधार तथा प्रशासनिक स्रोत सीमित रहँदा कार्यसम्पादनको दायरा विस्तार गर्न चुनौती रहेको छ।

## ५.२ प्रमुख चुनौतीहरू

१. समस्याग्रस्त सहकारी संस्थासँग सम्बन्धित सम्पूर्ण सूचना, अभिलेख, वित्तीय विवरण तथा चल अचल सम्पत्तिको प्रभावकारी पहिचान, संरक्षण तथा व्यवस्थापनमार्फत दायित्व भुक्तानी प्रक्रियालाई समयबद्ध रूपमा सम्पन्न गर्नु।

२. अनुसन्धान, अभियोजन, सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालय, नियामक निकाय, सुरक्षा निकाय, अदालत, बैंक तथा अन्य सरोकारवाला निकायबीचको समन्वय तथा सूचना आदानप्रदानलाई थप सुदृढ बनाउनु।

३. समितिको कार्यसम्पादनलाई कुनै पनि प्रकारको अनुचित प्रभाव, दबाब वा स्वार्थ समूहको हस्तक्षेपबाट मुक्त राखी निष्पक्ष, पारदर्शी तथा कानूनसम्मत रूपमा सञ्चालन गर्नु।

४. स्थलगत निरीक्षण, सम्पत्ति पहिचान, मूल्याङ्कन, अभिलेख व्यवस्थापन तथा कानूनी प्रक्रियालाई प्रभावकारी बनाउन पर्याप्त बजेट, जनशक्ति तथा प्राविधिक स्रोतसाधनको सुनिश्चितता गर्नु।

५. आधुनिक सूचना प्रविधिमा आधारित एकीकृत सूचना प्रणाली, डिजिटल अभिलेख व्यवस्थापन, अनलाइन सेवा तथा व्यवस्थापन सूचना प्रणाली (MIS) को विकास तथा पूर्ण कार्यान्वयनमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु।

६. विषयगत दक्ष जनशक्तिको उपलब्धता, कर्मचारीको क्षमता विकास, कार्य निरन्तरता तथा संस्थागत स्मृति सुदृढ गर्दै समितिको संस्थागत क्षमता अभिवृद्धि गर्नु।
७. समस्याग्रस्त सहकारी व्यवस्थापन, सम्पत्ति मौद्रिकीकरण, ऋण असुली तथा दायित्व भुक्तानीसम्बन्धी कानूनी व्यवस्थाहरूबीच आवश्यक समन्वय तथा स्पष्टता कायम गरी प्रक्रियागत जटिलता न्यूनीकरण गर्नु।
८. आन्तरिक कार्यप्रवाह, निर्णय प्रक्रिया तथा जिम्मेवारी विभाजनलाई थप सरलीकरण गरी कार्यसम्पादनलाई समयबद्ध, परिणाममुखी तथा उत्तरदायी बनाउनु।
९. बचतकर्ता, ऋणी, बैंक तथा अन्य सम्बन्धित निकायसँगको सूचना आदानप्रदानलाई व्यवस्थित गर्दै वित्तीय तथा कानूनी अभिलेख अद्यावधिक गरी सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी प्रक्रियालाई थप प्रभावकारी बनाउनु।
१०. बैंक, वित्तीय संस्था, अदालत तथा अन्य निकायबाट पूर्वरोक्का रहेका सम्पत्तिको व्यवस्थापनका लागि आवश्यक कानूनी तथा अन्तरनिकाय समन्वय सुदृढ गरी सम्पत्ति मौद्रिकीकरण प्रक्रियालाई सहज बनाउनु।
११. समस्याग्रस्त सहकारी संस्थाहरूको पुनःसंरचना वा राफसाफ सम्बन्धी प्रक्रियालाई कानूनी तथा संस्थागत रूपमा प्रभावकारी बनाउँदै बचतकर्ताको हित संरक्षणलाई प्राथमिकतामा राख्नु।
१२. डिजिटल रूपान्तरण, साइबर सुरक्षा, डाटा संरक्षण तथा सूचना प्रणालीको दिगोपना सुनिश्चित गर्दै प्रविधिमैत्री सेवा प्रवाहलाई संस्थागत गर्नु।

# ६. जोखिम विश्लेषण

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानीसम्बन्धी कार्यलाई कानूनी, संस्थागत तथा प्रशासनिक व्यवस्थाअनुरूप सञ्चालन गर्दै आएको छ। तथापि समस्याग्रस्त सहकारी संस्थाहरूको वित्तीय अवस्था, अभिलेख व्यवस्थापन, सम्पत्ति संरक्षण, कानूनी जटिलता तथा संस्थागत सीमितताका कारण समितिको कार्यसम्पादनमा प्रभाव पार्न सक्ने विभिन्न रणनीतिक, सञ्चालनगत, वित्तीय, कानूनी तथा सुशासनका दृष्टिले जोखिमहरू विद्यमान रहेका छन्। यी जोखिमहरूको समयमै पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन नगरेमा

बचतकर्ताप्रतिको दायित्व भुक्तानी, सम्पत्ति व्यवस्थापन तथा समग्र सहकारी क्षेत्रप्रतिको सार्वजनिक विश्वासमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ।

## ६.१ वित्तीय तथा दायित्व व्यवस्थापनसम्बन्धी जोखिम

समस्याग्रस्त घोषणा गरिएका अधिकांश सहकारी संस्थाहरूमा पूँजीको अपर्याप्तता, निष्क्रिय तथा असुल हुन नसक्ने कर्जाको उच्च अनुपात, तरलता अभाव तथा कमजोर वित्तीय अवस्थाका कारण बचतकर्ताको मागदाबीअनुसार दायित्व भुक्तानी समयमै सम्पन्न गर्न चुनौती रहेको छ। सम्पत्ति मौद्रिकीकरण को गति अपेक्षाभन्दा सुस्त रहनु तथा ऋण असुली प्रक्रियाबाट प्राप्त हुने स्रोत सीमित हुनुका कारण बचत फिर्ता कार्यक्रम प्रभावित हुने जोखिम विद्यमान रहेको छ। यस्तो अवस्थाले बचतकर्ताको अपेक्षा व्यवस्थापन, सार्वजनिक विश्वास तथा समग्र सहकारी प्रणालीको विश्वसनीयतामा नकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ।

## ६.२ अभिलेख तथा सूचना व्यवस्थापनसम्बन्धी जोखिम

प्राप्त मागदाबी निवेदन तथा सम्बन्धित सहकारी संस्थाको वित्तीय अभिलेख परीक्षण गर्दा ऋणी, बचतकर्ता तथा सम्पत्तिसम्बन्धी विवरण अपूर्ण, अद्यावधिक नभएका वा प्रमाणित हुन नसकेका अवस्था प्रशस्त देखिएका छन्। कतिपय अवस्थामा ऋण भुक्तानी सम्पन्न भएको दाबी भए तापनि सहकारी संस्थाको अभिलेखमा सो विवरण अद्यावधिक नभएको, आवश्यक कागजात लोप वा लुकाइएको तथा वित्तीय विवरणमा एकरूपता कायम नभएको अवस्था देखिएको छ। यसबाट वास्तविक दायित्व तथा सम्पत्तिको अवस्था यकिन गर्न कठिनाइ उत्पन्न भई बचत फिर्ता तथा सम्पत्ति व्यवस्थापन प्रक्रियामा ढिलाइ हुने जोखिम रहेको छ।

अधिकांश समस्याग्रस्त सहकारी संस्थाहरू राष्ट्रिय COPOMIS प्रणालीमा आबद्ध नभई फरक फरक व्यवस्थापन सूचना प्रणाली प्रयोग गरी सञ्चालन भएका कारण कारोबारसम्बन्धी विवरणको प्रमाणीकरण, डाटा एकीकरण तथा अभिलेखको विश्वसनीयता सुनिश्चित गर्न थप चुनौती देखिएको छ। यसले वित्तीय विवरणमा हेरफेर, डाटा अपूर्णता तथा डिजिटल अभिलेखको विश्वसनीयतासम्बन्धी जोखिमलाई समेत बढाएको छ।

## ६.३ कानूनी तथा सम्पत्ति व्यवस्थापनसम्बन्धी जोखिम

ऋण असुली प्रक्रियाअन्तर्गत ऋणीका बैंक खाता, शेयर तथा अचल सम्पत्तिमा रोक्का गरिएको भए तापनि ती सम्पत्तिको मूल्याङ्कन, कानूनी परीक्षण, स्वामित्व प्रमाणीकरण तथा लिलाम बिक्री प्रक्रिया बहुनिकाय समन्वयमा आधारित र समयसापेक्ष हुने भएकाले सम्पत्ति मौद्रिकीकरणमा ढिलाइ हुने जोखिम रहेको छ। साथै कतिपय सम्पत्तिमा बैंक तथा अदालतको पूर्वअधिकार कायम रहेको अवस्थाले सम्पत्ति बिक्री तथा प्राप्त रकम वितरण प्रक्रियामा थप कानूनी जटिलता सिर्जना गर्न सक्ने देखिन्छ।

यसका अतिरिक्त सहकारीसम्बन्धी कानूनी व्यवस्था, सम्पत्ति हस्तान्तरण तथा अन्य प्रचलित कानूनबीचको समन्वय आवश्यक पर्ने अवस्थाले कतिपय निर्णय तथा कार्यान्वयन प्रक्रियामा समय लाग्ने जोखिम विद्यमान रहेको छ।

## ६.४ संस्थागत तथा सञ्चालन जोखिम

समितिको कार्यबोझ, कार्यक्षेत्र तथा सेवाग्राहीको चापको तुलनामा उपलब्ध जनशक्ति, प्राविधिक क्षमता तथा संस्थागत स्रोत साधन सीमित रहनु सञ्चालनगत जोखिमका प्रमुख कारण हुन्। कर्मचारीहरूको बारम्बार सरुवा, विषयगत दक्ष जनशक्तिको अभाव तथा संस्थागत स्मृतिको प्रभावकारी हस्तान्तरण हुन नसक्दा कार्यसम्पादनको निरन्तरता, निर्णय प्रक्रियाको स्थिरता तथा सेवा प्रवाहको गुणस्तरमा असर पर्न सक्ने अवस्था रहेको छ।

सूचना प्रविधिमा आधारित प्रणालीहरूको विस्तार भए तापनि प्रणालीहरूको निरन्तर स्तरोन्नति, साइबर सुरक्षा, डाटा संरक्षण तथा प्रणालीबीचको अन्तरआबद्धता (System Integration) सुदृढ गर्नुपर्ने आवश्यकता कायम रहेको छ। यी पक्षहरूमा समयानुकूल सुधार हुन नसकेमा डिजिटल सेवा प्रवाहको विश्वसनीयता तथा सूचना सुरक्षामा जोखिम उत्पन्न हुन सक्ने देखिन्छ।

## ६.५ सुशासन सम्बन्धी जोखिम

बचत फिर्ता प्रक्रियामा हुने ढिलाइ, कार्यसम्पादनसम्बन्धी अपूर्ण जानकारी, भ्रामक सूचना तथा अफवाहको प्रसारले सेवाग्राही तथा सर्वसाधारणमा असन्तुष्टि बढ्ने जोखिम रहेको छ। यस्तो

अवस्थाको अनुचित फाइदा उठाउँदै विभिन्न स्वार्थ समूहबाट गलत सूचना प्रवाह, अनावश्यक दबाब तथा संस्थागत निर्णय प्रक्रियामा प्रभाव पार्ने प्रयास हुन सक्ने सम्भावना रहन्छ। यसले समितिप्रति मात्र होइन, सहकारी क्षेत्रको नियामकीय प्रणाली तथा नेपाल सरकारप्रतिको सार्वजनिक विश्वासमा समेत प्रतिकूल प्रभाव पार्न सक्ने देखिन्छ।

## ६.६ नीतिगत तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी जोखिम

साना बचतकर्ताको हित संरक्षणका लागि प्रस्तावित चक्रीय राहत कोष तथा अन्य वैकल्पिक वित्तीय व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कानूनी आधार, वित्तीय स्रोत, सञ्चालन मापदण्ड तथा प्रक्रियागत स्पष्टता आवश्यक रहेको छ। यी पक्षहरूको समयमै सुनिश्चितता हुन नसकेमा बचत फिर्ता कार्यक्रमको कार्यान्वयनमा ढिलाइ हुनुका साथै नीतिगत अपेक्षा र कार्यान्वयनबीच अन्तर सिर्जना हुने जोखिम रहन्छ।

## ६.७ जोखिम न्यूनीकरणका प्रमुख उपाय

उल्लेखित जोखिमहरूको प्रभावकारी व्यवस्थापनका लागि समितिले कानूनी तथा संस्थागत सुधारलाई निरन्तरता दिने, सूचना प्रविधिमा आधारित एकीकृत व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ गर्ने, अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने, सम्पत्ति पहिचान तथा मौद्रिकीकरण प्रक्रियालाई तीव्रता दिने, विषयगत दक्ष जनशक्ति व्यवस्थापन गर्ने, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने तथा सेवाग्राहीसँग नियमित सूचना सम्प्रेषणमार्फत पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने नीति अवलम्बन गरेको छ। साथै बचत फिर्ता प्रक्रियालाई थप प्रभावकारी बनाउन जोखिममा आधारित व्यवस्थापन तथा डिजिटल सुशासनका सिद्धान्तहरूलाई क्रमशः संस्थागत गर्दै लगिने रणनीति अवलम्बन गरिएको छ।

# ७. आगामी कार्ययोजना

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा बचतकर्ताप्रतिको दायित्व भुक्तानीलाई थप प्रभावकारी, पारदर्शी तथा परिणाममुखी बनाउन आगामी अवधिमा संस्थागत क्षमता अभिवृद्धि, कानूनी सुधार, सूचना

प्रविधिको विस्तार, अन्तरनिकाय समन्वय तथा सुशासन प्रवर्द्धनलाई प्रमुख कार्यदिशाका रूपमा अवलम्बन गर्ने नीति लिएको छ। सहकारी क्षेत्रप्रतिको सार्वजनिक विश्वास पुनःस्थापित गर्दै बचतकर्ताको हित संरक्षणलाई केन्द्रमा राखी देहायबमोजिमका रणनीतिक प्राथमिकताहरू कार्यान्वयन गरिनेछ।

## आगामी कार्ययोजनाका प्रमुख प्राथमिकताहरू

१. समस्याग्रस्त सहकारी संस्थासँग सम्बन्धित सम्पूर्ण सूचना, अभिलेख, डिजिटल डाटा तथा चल अचल सम्पत्तिको व्यवस्थित पहिचान, संरक्षण, प्रमाणीकरण र अभिलेखीकरण गरी ऋण असुली तथा सम्पत्ति मौद्रिकीकरण प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ।

२. ऋण असुली तथा सम्पत्ति व्यवस्थापनबाट प्राप्त स्रोतको आधारमा प्रचलित कानून तथा कार्यविधिबमोजिम मागदाबी प्रमाणित भएका बचतकर्ताहरूलाई प्राथमिकताका आधारमा चरणबद्ध रूपमा बचत फिर्ता गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

३. समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन, ऋण असुली तथा दायित्व भुक्तानी कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट, जनशक्ति, प्राविधिक पूर्वाधार तथा अन्य स्रोत साधनको उपलब्धता सुनिश्चित गर्न सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ।

४. सम्पत्ति व्यवस्थापन, बचत फिर्ता तथा दायित्व भुक्तानी प्रक्रियामा विद्यमान कानूनी, नीतिगत तथा प्रक्रियागत जटिलताहरूको निराकरणका लागि आवश्यक कानूनी सुधार, कार्यविधिगत परिमार्जन तथा नीतिगत पहल गरिनेछ।

५. समितिको आन्तरिक कार्यसञ्चालन प्रणालीलाई थप व्यवस्थित, छरितो, पारदर्शी तथा परिणाममुखी बनाउन कार्यप्रवाह पुनर्संरचना, मानकीकरण तथा डिजिटल प्रणालीमा आधारित कार्यप्रणालीको विस्तार गरिनेछ।

६. समितिको कार्यसम्पादनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा उत्तरदायी बनाउन सुशासनका सिद्धान्तअनुरूप संस्थागत उत्तरदायित्व अभिवृद्धि गर्दै कुनै पनि प्रकारको अनुचित हस्तक्षेप तथा प्रभावबाट मुक्त कार्यवातावरण सुनिश्चित गरिनेछ।

७. अनुसन्धान, सम्पत्ति पहिचान, ऋण असुली, अभियोजन, सम्पत्ति मौद्रिकीकरण तथा बचत फिर्तासम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालय, नियामक

निकाय, सुरक्षा निकाय, अदालत, बैंक तथा वित्तीय संस्था लगायतका सरोकारवाला निकायबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ।

८. समितिको संस्थागत क्षमता अभिवृद्धिका लागि विषयगत दक्ष जनशक्ति व्यवस्थापन, क्षमता विकास, सूचना प्रविधिमा आधारित सेवा प्रणाली, डिजिटल अभिलेख व्यवस्थापन, व्यवस्थापन सूचना प्रणाली (MIS), प्रतिवेदन प्रणाली तथा संस्थागत स्मृति संरक्षणलाई सुदृढ गरिनेछ।

९. अनलाइन मागदाबी प्रणाली, ऋण गणना व्यवस्थापन प्रणाली (LCMS), डिजिटल अभिलेख व्यवस्थापन तथा अन्य विद्युतीय सेवाहरूको निरन्तर स्तरोन्नति गर्दै प्रणालीबीच अन्तरआबद्धता विकास गरिनेछ। साथै सेवाग्राहीले मागदाबी, भुक्तानी तथा कार्यप्रगतिको विवरण वास्तविक समयमा प्राप्त गर्न सक्ने व्यवस्था क्रमशः कार्यान्वयन गरिनेछ।

१०. समितिको कार्यसम्पादन तथा प्रगतिसम्बन्धी सूचना नियमित रूपमा सार्वजनिक गर्दै कार्यालयको वेबसाइट तथा अन्य आधिकारिक डिजिटल माध्यममार्फत सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ। साथै बचतकर्ता, ऋणी तथा अन्य सरोकारवालासँग निरन्तर संवाद, समन्वय तथा सहभागितामूलक सूचना आदानप्रदानको व्यवस्था सुदृढ गरी पारदर्शिता, जवाफदेहिता तथा सार्वजनिक विश्वास अभिवृद्धि गरिनेछ।

११. सहकारी क्षेत्रको दीर्घकालीन वित्तीय स्थायित्व, सुशासन तथा जोखिम न्यूनीकरणका लागि सहकारी नियमन, डिजिटल अनुगमन, जोखिममा आधारित सुपरिवेक्षण तथा नियामकीय सुधारका सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वयात्मक पहललाई निरन्तरता दिइनेछ।

## ८. समस्याग्रस्त सहकारीहरुमा देखिएका समस्या तथा सम्भाव्य समाधानका उपायहरु

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| समस्याग्रस्त सहकारीहरुको सम्पती तथा दायित्व एकिन नभएको । | • समस्याग्रस्त सहकारीहरुको सम्पती दायित्व झल्किने गरी स्पष्ट लेखापरिक्षण प्रतिवेदनको अभाव हुनु ।<br>• सहकारीहरुको लेखा तथा अन्य कानूनी कागजातहरू उपलव्ध नहुनु।<br>• सहकारीहरुले विगतमा पुँजीकरण गरेर सम्पत्ति बढी देखाईएको ।<br>• खर्च नदेखाईकन पाउनुपर्ने हिसाब देखाईएको ।<br>• ऋण र बचत नै एकीन गर्न जटिल रहेको । | • समस्याग्रस्त सहकारीहरुको ऋण तथा बचतलाई एकिन गर्दै बाँकी रहेको सम्पत्ति र दायित्वबारे टुँगोमा पुग्नु पर्ने अवस्था रहेको । |
| समस्याग्रस्त सहकारीहरुको व्यवस्थापनमा प्रयाप्त जनशक्तिको अभावको साथै क्षमता अभिबृद्धि समेत गर्नुपर्ने अवस्था रहेको । | • समस्याग्रस्त सहकारीहरु समस्याग्रस्त हुनु पुर्वको व्यवस्थापनमा करिव ३ देखि ४ हजार जना व्यवस्थापक, कर्मचारीहरू संलग्न भई कार्यसंचालन भएकोमा हाल करीव ६० जना कर्मचारीहरूले मात्र कार्यसंचालन गर्नुपरेको ।<br>• सहकारीले सञ्चालन गरेको कम्पनी / उद्योगहरुमा थप हजारौ सङ्ख्यामा कर्मचारीहरु रहेको । | • समस्याग्रस्त सहकारी संस्थाहरुको व्यवस्थापन समितिको रेखदेखमा सम्वन्धित संस्थाको निलम्वित सञ्चालक, पूर्वसञ्चालक, व्यवस्थापक, जिम्मेवार कमिचारी मार्फत संचालन ।<br>• समितिको कामकार्वाहीमा सफ्ट्वेयरहरु व्यवस्था गरी कार्यलाई सरलीकृत गर्ने ।<br>• समय समयमा आवश्यक तालिमहरु दिई क्षमता अभिबृद्धि गर्दै लाने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| बचत दायित्व फिर्ता गर्न पुग्ने प्रयास सम्पति नहुनु । | • सहकारीको सञ्चालन व्यवसायिक तवरबाट सञ्चालन नगरिएको कारणले गर्दा नोक्सानमा रहेको ।<br>• सहकारीले लगानी गरेका कम्पनी / उद्योगहरु बन्द भई डुबेको अवस्था रहेको ।<br>• खराब र बिना धितो ऋणहरु असुल गर्न जटिल रहेको । | • व्यवस्थापनमा सञ्चालक, पूर्वसञ्चालक, व्यवस्थापक, जिम्मेवार कमिचारी, लेखा सुपरीवेक्षण समितिका सदस्य, ऋण उपसमिति सदस्यहरू र ऋणीको परिवार र नातेदारको चल अचल सम्पति पहिचान तथा रोक्का ।<br>• पहिचान भएका र सम्भव भएका सम्पत्तिहरु लिलाम गरी रकम असुली गर्ने । |
| बचतकर्तालाई फिर्ता गर्नुपर्ने बाँकी बचत दायित्वको एकिन नभएको । | • बचत मागदावीले पूर्णता नपाएको ।<br>• हालसम्म बचत फिर्ता भएको अभिलेखमा अद्यावधिक पुर्ण रुपमा भईनसकेको ।<br>• शकास्पद नकली बचतकर्ताहरु रहेको हुन सक्ने सम्भावना । | • २०८० अघिको हकमा हालसम्म भएको मागदावीलाई अन्तिम मान्ने सो पछिका सहकारीहरुको अन्तिम पटकमा मात्र मागदावी आव्हान गर्ने।<br>• अब एक पटक मात्र सूचना प्रकाशित गरी अन्तिम अवसर दिने। बचत फिर्ताको दाबीलाई अनिश्चितकाल सम्म मार्ग प्रशस्त रहन नसक्ने बनाउने<br>• आ.व. २०८३/८४ को पहिलो त्रैमासिक भित्रमा सबै बचत फिर्ता भएको विवरण अद्यावधिक गर्ने काम सम्पन्न गर्ने ।<br>• अब आउने मागदाबीका सम्बन्धमा आगामी फागुन मसान्त सम्म दायित्व एकिन गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | | • ठूला बचतकर्ताहरुलाई स्वघोषणा विवरण भर्न लगाई अनुसन्धान गरी एकिन गर्ने।<br>• नक्कली वा भूलवस वा प्राविधिक त्रुटीबस ऋणी वा बचतकर्ता भनी अभिलेखमा रहेका भन्ने गुनासोतर्फ संवोधनका लागि छानवीन गर्ने । |
| विगतमा ५०% रकम मात्र बचत फिर्ता गरी राफसाफ गरेको तर केही बचतकर्ताहरुले नपुग बचत फिर्ता माग गरेको र थप बचतहरुले नयाँ माग समेत गर्न आएको । | • समितिले कागजात गराइ सहकारी फरफारक भएको भनी प्रतिवेदन बुझाइ सकेको ।<br>• यो अभ्यासले गर्दा हाल अन्य सहकारीका सञ्चालकहरुले पनि यस्तै प्रकारका विधिहरु अपनाउन खोजिरहेको ।<br>• बचत फिर्ता अभियानले बचतकर्ताहरुमा आशा जगाएकोले थप नयाँ बचतदावी हुन आएको । | • सम्बन्धित सहकारीका ऋणहरुबाट थप असुली भएमा भविष्यमा रकम फिर्ता गर्नका लागि विवरणहरु संकलन गर्ने ।<br>• बचतकर्ताबाट उजुरी  निबेदन लिई कार्वाही गर्ने व्यवस्था गर्ने । |
| बचत तथा ऋण मिलानमा गर्दा के कति प्रतिशतसम्म बचतको अंश गर्न सकिनेबारे प्रष्टता नभएको ।विगतमा बहुविधि प्रयोग गरिएको । | • सहकारीको दायित्व र सम्पत्ति एकिन भइ नसकेको ।<br>• सहकारी तथा सम्बन्धित सरोकारवालाहरुबाट असुल उपर गर्न सकिने व्यहोरा शतप्रतिशत एकिन नभएको ।<br>• सहकारीका अधिकाश सम्पत्तिहरु बैक तथा वित्तीय संस्था र अन्य निकायहरुमा धितो | • सहकारीको सम्पत्ति र दायित्व एकिन नभए सम्मका लागि साना बचतकर्ताहरुको हकमा शतप्रतिशत र सो भन्दाबढीका हकमा बढीमा ५० लाख भन्दा नबढ्ने गरी ५०% सम्म मात्र ऋण बचत मिलन गर्न दिने व्यवस्था गर्ने।<br>• बाकी रहने बचत रकमको हकमा पचास प्रतिशत सबैको भुक्तानी भइ सम्पत्ति बाँकी |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | राखी ऋण लिएको र सोबाट के कति रकम प्राप्त हुन सक्ने एकिन गर्न नसकिएको । | रहेको अवस्थमा पुनः संवोधन हुने नीति अबलम्बन गर्ने । |
| अदालतमा बिचारधिन मुद्दा रहेका र समितिमा पनि मागदावी गरेका बचतकर्ताहरु पहिचान नभएको । | • सहकारीले बचत फिर्ता गर्न नसकेपछि मुद्दामा गएको र समितिले बचत फिर्ता मागदावी आव्हान गर्दा मागदावी पनि गरेको ।<br>• चक्रिय कोष कार्यविधिले यस्ता बचतकर्ताहरुलाई मुद्दा किनारा नलागेसम्म बचतफिर्ता नगर्ने नीति रहेको । | • बचत फिर्ता सम्बन्धित मुद्दाका विषयमा सम्बन्धित अदालत / बचतकर्ताहरुबाट स्वघोषणा / निलम्बित सञ्चालकहरुबाट विवरण माग गरी कार्य अगाडि बढाउने ।<br>• चक्रिय कोष कार्यविधिमा संशोधनलागि अनुरोध गरी पठाउने ।<br>• बचतकर्ताहरुले मुद्दा फिर्ता लिन सक्ने र मुद्दा फिर्ता नलिएकाहरुका हकमा पनि दोहोरो भुक्तानी हुन नजावस भन्ने अभिप्रायःले समितिबाट भुक्तानी भएको रकम र बचतकर्ताको विवरण सम्बन्धित अदालतलाई दिने |
| बचतकर्तासँग रहेको प्रमाण नष्ट भएको / हराएको / सहकारीमा नै बुझाएको कारण बचतकर्तासँग प्रमाण नरहेको । | • बचतकर्ताहरुबाट केहीसँग कुनै प्रमाण नभएको, केही संग अपूर्ण पासबुक रहेको आदि गुनासोहरु आउने गरेको ।<br>• सहकारी समस्याग्रस्त हुने बेलामा बुझाइका कागजातहरु अपूर्सण रहेको ।<br>• सहकारीबाट तथ्याङ्कमा छेडछाड गरेको । | • बचतकर्ताहरुलाई सम्भव भएसम्मका प्रमाण पेश गर्न लगाउने । उक्त प्रमाणहरुको आधिकारिकताबारे अध्ययन गर्ने ।<br>• सफ्ट्वेयर कम्पनीसँग सम्पर्क गरी सम्भव भएसम्मको तथ्याङ्कहरु प्राप्त गरी थप अध्ययन/अनुसन्धान गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | | • शेयर प्रमाण पत्र / चेकबुक / पासबुकमा रहेका सूचनाका आधारमा सम्भव भएसम्म व्यवस्थापन गर्ने । |
| बचतकर्तासँग प्रमाण रहेको तर सहकारी प्राप्त अभिलेखमा नरहेको वा हटाएको / हराएको | • बचतकर्ताहरुबाट गुनासोहरु आउने गरेको । | • प्रविधिबाट सुचना पुनःप्राप्ति गर्न सक्ने अवस्थामा विज्ञबाट परामर्श लिई अभिलेख अद्यावधिक गर्ने। |
| ठूला बचतकर्ताहरुको सम्पत्ति शुद्धिकरण व्यवस्था अनुसार आवश्यक काम कार्वाहि गर्न बाँकी रहेको। | • ठुला बचतकर्ताहरुको छुट्टै पहिचान नभएको ।<br>• सबै ठूला बचतकर्ताहरुले मागदावी पनि नगरेको ।<br>• ठूला बचतकर्ताहरुको विगत देखि कारोबार देखिने अभिलेखको अभाव रहेको । | • रु १ करोड भन्दा बढी रकम रहेका बचतकर्ताहरुबाट स्वघोषणा गराउने ।<br>• सो विवरण अनुसार थप अध्ययन तथा अनुसन्धान गर्ने ।<br>• आयको स्वघोषणा गर्न लगाउने ।<br>• करचुक्ताको कागजात पेश लगाउने ।<br>• स्रोतको पहिचानका आधारहरु खोजीगरी अभिलेख अध्याावधिक गर्ने । |
| असुल गर्न बाँकी ऋण हिसाब र ऋणीहरु र सोबाट के कति असुल गर्न सक्नेबारेमा एकिन नभएको र | • समितिमा रहेको अभिलेखमा उल्लेखित सबै ऋणीहरुको पहिचान हुन नसकेको ।<br>• हालसम्म असुल भएको ऋणको अभिलेख अद्यावधिक नभएको ।<br>• सहकारीहरुले अनुचित तवरमा ब्याजदर, थप ब्याज तथा हर्जना लगाएको र पुँजीकरण समेत गर्ने गरेको तर विगतमा असुल गरेको | • अभिलेखको हिसाबलाई पुष्टि गर्ने थप उपलब्ध कागजातहरु हेरी ऋण र ऋणीहरुको पहिचान गर्ने ।<br>• ऋण अभिलेख प्रणालीलाई व्यवस्थित गर्ने ।<br>• समिति कार्यविधि अनुसार हिसाबमा भएको भिन्नतालाई मिलान गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | रकम र हाल जारी गरेको कार्यविधिमा अनुसार असुल हुने रकममा पर्ने जाने फरक हिसाब मिलानमा गर्न बाँकी रहेको ।<br>• नोक्सानलाई लुकाउन नकली ऋणीहरु खडा गरिएको ।<br>• सञ्चालकले बिना धितो र शुन्य प्रतिशत ब्याजदरमा ऋण लिएको र कतिपय अवस्थामा पेश्कीको रुपमा रकम प्रवाह गरिएको । | • धितो नभएको ऋणहरुको थप अनुसन्धान गर्ने ।<br>• ऋणी तथा जमानीकर्ताको सम्पत्तिको पहिचान गरी रोक्का राख्ने ।<br>• आवश्यक भएमा थप परिवार तथा नातेदारहरुको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्ने ।<br>• ऋणी र जमानीकर्ताबाट असुल हुन नसके बिना धितो वा कमसल धितोमा ऋण प्रबाह गरेकोमा सञ्चालक समिति ब्यवस्थापक र लेखासमितिका सदस्य सहित जिम्मेवार कर्मचारीबाट असुल गर्ने नीति अबलम्बन गर्ने । सो प्रयोजनका लागि सम्बन्धित सबैको जेथा रोक्का, बैङ्क खाता रोक्का राहदानी रोक्का र स्थानीय तहको सेवा प्रबाहमा रोक्का सम्मका नीतिहरु अबलम्बन गर्ने । |
| विदेशीयका सञ्चालक / जिम्मेवार कर्मचारी / ठूला ऋणीबाट ऋण असुल गर्ने | • सबै सहकारीहरुका सञ्चालक/कर्मचारीहरु/ठूला ऋणीहरुको तीन पुस्ते विवरण नभएको ।<br>• संस्थागत रुपमा सबै अभिलेखहरु एकै स्थानमा उपलब्ध नरहेको । | • १ करोड भन्दा माथीका बचतकर्ता / ऋणीहरुको हकमा प्रत्येक सहकारिमा अलग अलग अभिलेख तयार गरी पहिचान गर्ने ।<br>• घर/जग्गाको खोजी गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | | • फेला परेको सम्पत्ति लिलाम गरी असुल गर्ने ।<br>• स्वदेश फिर्ता / डिपोटका लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने। |
| सञ्चालकहरुले लिएको ऋणको सम्बन्धित कागजातहरु नभएको | • सहकारीको राम्रोसँग अनुगमन नहुनुको साथै बाह्य परीक्षकहरुले समेत नीति नियम के कसरी लागु भएको छ भनी उल्लेख नगरेको। | • सञ्चालकहरुसँग बयान तथा छलफल प्रक्रियाबाट पहिचान गर्ने ।<br>• सञ्चालकहरुबाट बचतकर्ताको बचतफिर्ता गर्न कार्य योजनाहरु पेश गर्न लगाई कार्यान्वयन गर्ने ।<br>• अन्तिम अवस्थामा सबै बाँकी बक्यौदा सञ्चालक तथा पदाधिकारीहरु कै दायित्व हुने गरी कानूनी कार्वाही गर्ने । |
| सहकारीले सिधै कम्पनी / उद्योगहरु खोली लगानी तथा थप ऋण समेत प्रवाह गरेको र अहिले सञ्चालनमा नरहेको। | • बैक तथा वित्तीय संस्थाहरुले ऋण लगानी गरेको कारणले गर्दा तालबन्दी गरेको र कतिपय अवस्थामा लिलामी / गैरबैकिङ्ग सम्पत्ति समेत जनाई सकेको ।<br>• सहकारी समस्याग्रस्त भएपछि त्यसको व्यवस्थापन गरिरहेका सञ्चालकहरु एउटै भएको कारण बचत फिर्ताको दवावका कारण बन्द भएको । | • कम्पनी / उद्योगहरुको अवस्था पहिचान गरी विवरण तयार गर्ने ।<br>• बैक तथा वित्तीय संस्थाहरुसँग छलफल गरी लगानी भएको ऋणको वास्तविकता पहिचान गर्ने ।<br>• बैक तथा वित्तीय संस्थाहरुलाई साँवा रकमसम्म असुल गरी बाँकी रहेको रकम समितिमा प्राप्त गर्न नीतिगत व्यवस्थाको लागि अनुरोध गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
| --- | --- | --- |
| | • बन्द भए पछि कम्पनी/उद्योगमा रहेको चल/अचल सम्पत्तिहरु हराएको वा समय अनुसार काम नलाग्ने वा जिर्ण भएको । | • कम्पनिहरुको खातामा रहेका रकमहरु समितिको खातामा जम्मा गराई भुक्तानी कार्यमा स्रोतको थप व्यवस्थापन गर्ने। |
| सञ्चालक / जिम्मेवार कर्मचारीहरुले बचत रकम अपचलन गरी लुकाएको सम्पत्ति पत्तालगाउन सहज नभएको । | • बचतकर्ताहरुको गुनासो मात्र आएको देखिएको तर थप अनुसन्धान हुन बाँकी रहेको | • सहकारी/कम्पनी/उद्योगहरुको बैक खाताको विवरण सकलन गरी भए/गरेका कारोबारहरुको अध्ययन गरी शकास्पद कारोबारहरुको पहिचान गर्ने ।<br>• पहिचान भएका कारोबारहरुको थप अनुसन्धान गरी लुकाएका सम्पत्तिहरुको पहिचान गर्ने ।<br>• सहकारीको सम्पत्ति खाइ मासी लुकाएको ठहरेमा लुकाउनेहरुलाई समेत मतियार कसूरदार सरहको दायित्वमा समाबेश गरी कारबाही गर्ने । |
| मुद्दती रसिद धितोमा लिएको ऋणको फरफारक गर्न समस्या रहेको। | • नीतिगत व्यवस्थाको अभाव रहेको । | • मुद्दती रसिदको ८०% सम्म ऋण लिएको अवस्थामा फरफारक गर्ने र सो भन्दा कमको हकमा हिसाब गणना गरी फरफारक गर्ने । |
| सहकारीले लिलाम पश्चात गैरबैकिग सम्पत्ति सरह स्वीकार गरेको तर दाखा हुन | • यसप्रकारको सम्पत्तिहरु पहिचान नभएको ।<br>• नीतिगत व्यवस्थाका लागि अध्ययन नभएको । | • सम्बन्धित जग्गा प्रशासन कार्यालयबाट अस्थाइ जग्गाधनी पुर्जा लिई पुनः लिलाम गरी व्यवस्थापन गर्ने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
| --- | --- | --- |
| नसकेको सम्पत्तिको उचित व्यवस्थापन । | | • लिलाम सकार गर्ने पक्षको नाममा दर्ता गर्न लेखि पठाउने।<br>• गैरबैङ्किङक सम्पत्ति सरह सहकारीमा रहेका अचल सम्पतिहरुको मुल्याङ्कन बमोजिको रकम सरकारबाट निकाशा लिइ बचतकर्ताको बचत भुक्तानी दिने । गैरबैङ्कीङ सरहको सम्पत्ति नेपाल सरकारका नाउमा दर्ता गर्ने नीति निर्माणका लागि मन्त्रालयमा पत्राचार सहितको पहल गर्ने । |
| बैक तथा वित्तीय संस्था एवम सहकारी बैक तथा संघ र समितिबाट दोहोरो रोक्का रहेको सम्पत्तिको एकिन गरी आवश्यक व्यवस्थापन गर्ने कार्य। | • यसप्रकारको सम्पत्तिहरु पहिचान नभएको ।<br>• बैक तथा वित्तीय संस्थाहरुको हकमा पहिलो रोक्काको अग्राधिकार रहेको तर अन्य संस्थाहरुबाट प्रवाह गरेको कर्जाको हकमा कानून अनुसार पनि नभएको । | • दोहोरो रोक्का रहेका सम्पत्तिहरुको एकिन गर्न लगत लिने ।<br>• दोहोरो रोक्का रहेका सम्पत्तिहरुको अर्को पक्ष दावीबारे पहिचान गर्ने ।<br>• सरोकारवालासँग वार्ता / छलफल गरी कर्जा असुली कार्य अगाडि बढाउने ।<br>• वचतकर्ताको रकम फिर्ताको सुनिश्चितता गर्न आवश्यक कानून संशोधनको सिफारिस गर्ने ।<br>• बैक तथा वित्तीय संस्था बाहेकको संस्थाहरुको हकमा थप अध्ययन र |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| | | अनुसन्धान गरी सम्भव भएका आवश्यक कार्यहरु गर्ने ।<br>• बैङ्क तथा बित्तिय संस्थाहरुलाई ब्याज र हर्जाना मिन्हामा लचकता अपनाई समस्याग्रस्त सहकारीका बचतकर्ताहरुको बचत फिर्तामा सहजीकरण गर्ने सम्बन्धमा आग्रह गर्ने । आवश्यकतानुसार नीत निर्माणका लागि नेपाल राष्ट्रबेङ्क समेत सँग परामर्श गर्ने । |
| सहकारी तथा सहकारीले लगानी गरेको कम्पनी/ उद्योगहरुसँग रहेका सवारी / यान्त्रिक साधनहरुको एकिन नभएको | • बचतकर्ताहरुबाट गुनासोहरु आएको तर समितिमा अभिलेख नरहेको। | • गुनासोका आधारमा सवारी साधन र अन्य सम्पत्तिहरुको पहिचान गर्ने।<br>• पहिचान भएका सवारी साधन तथा सम्पत्तिहरुको सम्बन्धित निकायबाट कुन सहकारी/उद्योग/कम्पनीको नाममा दर्ता भएको एकिन गर्ने ।<br>• साधनहरु धितोमा रहे नरहेको यकिन गर्ने ।<br>• सम्बन्धित निकायसँग समन्वय गरी सम्भव भएसम्म लिलाम विक्री गर्ने। |
| सहकारीले लिलाम गरी गैरबैकिग सम्पत्ति जनाइसकेको | • निलम्बित सञ्चालक / उपभोग गर्ने पक्षबाट जानकारी प्राप्त भएको र | • यसप्रकारका सम्पत्तीहरुको पहिचान गर्ने ।<br>• सम्भव भएसम्म भाडा असुली गर्ने र समयानुकुल भाडा लिन पहल गर्ने। |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
|---|---|---|
| तर सम्पत्ति भोगचलन तथा कब्जा अर्को पक्षले गरेको । | समाधानका वार्ता / छलफल मात्र हुने गरेको । | • गैरकानूनी रुपमा भोग गरिएका सम्पत्तिहरुको भोग चलनबाट हटाउने र समितिको नियन्त्रणमा लिने ।<br>• सम्पत्ती लिलाम गर्न आवश्यक काम कारवाहीहरु गर्ने । |
| लिलाममा प्रक्रिया पछि लाग्ने लाभकर तथा नवीकरण शुल्कका कारण बचत फिर्ता गर्ने स्रोतमा ह्रास हुने । | • सम्बन्धित निकायहरुसँग आवश्यक पहलहरु नभएको । | • तत्कालका लागि लिलाम सकार गर्नेले नै ततसम्बन्धी दायित्व लिने गरी सूचनामै शर्त राख्ने ।<br>• भावी कार्यमा समस्याग्रस्त सहकारीकालागि लाभकर नलाग्न नीति निर्माणका लागि मन्त्रालमा लेखी पठाउने । |
| उपचारात्क पद्दतीबाट सहकारीलाई पुन सञ्चालन गर्न आवश्यक नीति नियम र प्रक्रियाबारे स्पष्टता नभएको । | • कार्ययोजनाहरु विभिन्न समयमा माग गर्ने गरेको तर कार्यान्वयन गर्न ठोस निर्णय र योजना नभएको । | • सम्भाव्य सहकारीहरुको पहिचान गर्ने ।<br>• निलम्बित सञ्चालक/जिम्मेवार कर्मचारी तथा बचतकर्ताहरुको समूहसँग छलफल गरी कार्य अगाडि बढाउने ।<br>• कार्य योजना सहितको आशय पत्र माग गर्ने<br>• प्राप्त निवेदनको अध्ययन गरी विभिन्न चरणबद्ध रुपमा कार्य गर्न संझौता / कार्य आदेश दिने ।<br>• आवधिक रुपमा अनुगमन गर्ने र आवश्यक प्राविधिक सहयोग दिने । |

| मुख्य समस्याहरु | कारकतत्व | सम्भाव्य समाधानका उपायहरु |
| --- | --- | --- |
| | | • अन्तमा सहकारी नवीकरण र पुनः सञ्चालनका लागि आवश्यक पर्ने स्विकृतिहरु दिने दिलाउने । |
